नयाँ सन्दर्भ साप्ताहिक

Naya Sandarbha Weekly

वर्ष : २५ अंक : ११ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ असोज १८ *(October 4, 2020)* नेपाल सम्वत ११४० मुल्य : रु.१०।-

**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा

## कांग्रेसमा देउवाको विकल्प को ?

# झापामा सिटौलासगै, शेखर र रामचन्द्रको चर्चा

–**विष्णु पौडेल**

दमक । नेपाली कांग्रेस भित्र यतिबेला नेतृत्व परिवर्तनको बहस चर्को रुपमा उठेको छ । कांग्रेसमा सभापति शक्तिशाली हुने व्यवस्था रहेकाले पनि पार्टी नेतृत्वसंग असन्तुष्टि राख्ने समुह जहिले पनि पार्टी सभापतिको आलोचनामा बढी सक्रिय हुने पुरानै रोग हो ।

कांग्रेसमा यस अघि १३ औं महाधिवेशनको तातो लागिरहेका बेला शेरबहादुर देउवाप्रति इँगित गर्दै कांग्रेस महामन्त्री रहेका कृष्ण सिटौलाले झापाको दमकमा सञ्चारकर्मीहरु र शुभचिन्तकहरु माझ भनेका थिए - "उहाँ ( शेरबहादुर देउवा)लाई अस्ति १३ औं महाधिवेशन सकिएको भोलीपल्टदेखिनै १४ औं महाधिवेशन लागेको छ । म अहिले फुर्सदमा छैन, बेला आएपछि त्यता ( महाधिवेशन) तिर लागौंला ।"

चार बर्ष अघि १३ औं महाधिवेशनबाट देउवा पार्टी सभापति बने, त्यो पनि सिटौलाकै साथका कारण । सिटौलाले १३ औं महाधिवेशनमा सभापतिमा उम्मेदवारी त दिए तर त्रिपक्षीय निर्वाचनमा उनले प्राप्त गरेको मत निर्णायक हुने भएपछि भागवण्डामा देउवालाई सभापति हुने अवसर दिए । अर्का प्रत्यासी रामचन्द्र पौडेललाई सिटौलाले समर्थन गर्न सक्ने धेरै सम्भावनाहरु औंल्याइरहँदा देउवाले पौडेललाई साइड लगाएर सिटौलाको समर्थन लिन सफल भएका थिए। तर, १३ औं महाधिवेशनको ताप सकिएपनि राग रही रहयो । सभापति देउवाको कार्यशैलीको शुरुवातदेखिनै देउवा इतरको समुहले आलोचना गर्दै आए । आलोचनामा थप बल पुऱ्यायो स्थानीयदेखि राष्ट्रिय निर्वाचन परिणामले ।

संघीय संसदको आम निर्वाचनमा प्रत्यक्ष तर्फ १६५ सिटमा जम्मा २३ वटामा खुम्चियो नेपाली काङ्ग्रेस । सातवटा प्रदेश सभामा कहिं पनि सरकार बनाउने स्थिती रहेन । समग्रमा तीनै तहका निर्वाचनको परिणाम लाजमदी रहयो । चुनाव त मतदातामा निर्भर रहने कुरा भयो । पार्टीमा १३ औं अधिबेशनको ६ महिनामै बनाइनु पर्ने विभागहरु १४ औं महाधिवेशनको ६ महिना अघि सम्म पनि बन्दैछन । चुनावी परिणामबाट निराश जस्तै बनेका तर पार्टीलाई सुधारेर अघि बढनु पर्छ भन्ने मान्यता राख्ने शुभचिन्तक तथा कार्यकर्ताहरु पार्टी नेतृत्वको मनपरीतन्त्र र बल मिच्याइँको विरुद्धमा छन । तल्लोस्तरका सामान्य कार्यकर्ताहरुले समेत ७ दशक पुरानो र लोकतान्त्रिक पार्टी भित्रको अलोकतान्त्रिक प्रवृत्तिका विरुद्ध आवाजहरु त उठाएका छन तर पदीय लोभ प्रलोभन , दबाब र भोलीका दिनमा राजनीतिक हैसियत समाप्त हुने हो कि भन्ने चिन्ता उनीहरुमा पनि देखिन्छ ।

१४ औं महाधिवेशनको तातो लाग्दै गर्दा पार्टी सभापतिमा नेता सिटौलाको दाबी रहँदैन भन्न सकिने अवस्था छैन । तर सिटौलाले यसबारेमा आफना शुभेच्छुक र निकटतम नेता कार्यकर्ताहरुसंग खुलेर केही बोलेका छैनन । सिटौलासंग नजिक रहेर सम्वाद गर्ने गरेका एक जना जिल्लास्तरीय कार्यकर्ता भन्छन- कृष्ण दाईले सभापतिमा आफनो उम्मेदवारीको बिषय क्लियर त गर्नुभएको छैन तर नेतृत्व परिवर्तन हुनुपर्छ भन्ने अडानमा हुनुहुन्छ । अघिल्लो महाधिवेशनमा सभापतिको उम्मेदवार भइसकेको नेताले अब त्यही पदमा दाबी दोहोऱ्याउने या पछाडी हटने दुई मध्ये एक मात्र विकल्प हुन सक्छ । सिटौला कम बोल्ने र भित्र भित्रै योजना बुन्न सिपालु नेता हुन भन्ने प्रष्ट हुन अघिल्लो महाधिवेशनलाई हेरे पुग्छ ।



विशेष गरी शान्ति प्रकृयालाई अघि बढाउन स्व। गिरिजाप्रसाद कोइरालाको विश्वसिलो पात्र भएर जिम्मेवारी निर्वाह गरेका कारण कोइराला परिवारको साथ र आशीर्वादमा चल्ने गरेका सिटौला १३ औं महाधिवेशनमा केन्द्रमा ३२४ मतको हैसियत बनाएका नेता हुन । त्यो हैसियत बनाउनमा युवा पुस्ता माझ लोकप्रिय गगन थापा, प्रदिप पौडेल जस्ता नयाँ पुस्ताका नेताको भुमिका थियो अघिल्लो पटक । यसपटक उनले महाधिवेशन प्रतिनिधिहरु चयन भएर नआउञ्जेल केन्द्रमा सभापतिको दाबी औपचारिक रुपमा राख्ने सम्भावना कम छ । महाधिवेशन प्रतिनिधिको अनुहार उनले हेर्नेछन । झापाको मतले मात्रै उनलाई सभापतिका लागि काफी हुँदैन । तर सिटौलाको यो पर्खाईको मौका छोप्नेहरु सक्रिय भइसकेका छन ।

जिल्लामा कांग्रेस नेता डा. शेखर कोइराला र रामचन्द्र पौडेलका पक्षधर हरुले भित्र भित्रै लबिङ गरिरहेका निकट कार्यकर्ताहरुले बताएका छन । सिटौलाले सभापतिमा आफनो दाबी राखिसकेका छैनन । शेखर कोइराला, विमलेन्द्र निधि र रामचन्द्र पौडेल लगायतका नेताको पनि सभापतिमा आउने सम्भावना भएकाले अब महाधिवेशन प्रतिनिधिमा दाबी गरिरहेका जिल्लाका नेता कार्यकर्ताहरु पार्टी नेतृत्व परिवर्तनको पक्षमा छन । उनीहरुले शेर बहादुर देउवाको विकल्प रोज्नुपर्ने भन्नेमा आपसी बहस र छलफल केन्द्रित गरिरहेका छन् ।

# बजारमा हुने मूल्य वृद्धि र कृतिम अभाव नियन्त्रण गरिने

–**सन्दर्भ समाचारदाता**

बिर्तामोड । झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले चाडपर्व सँगै बजारमा हुने मूल्य वृद्धि, कृतिम अभाव लगायतका कालोबजारी नियन्त्रण गर्न स्थानीय सरकार र सबै सरोकारवालासँग समन्वय गरेर तत्काल काम थाल्ने बताएका छन् । मंगलबार बिर्तामोडमा आयोजित समसामयिक विषयको छलफल कार्यक्रममा बोल्दै उनले उपभोक्ता अधिकार रक्षाका लागि जिल्ला प्रशासन कार्यालयले स्थानीय सरकारसहितका निकायसँग समन्वय गरेर अघि बढ्ने बताएका हुन् । राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मदनगोपाल सुब्बा लगायतले उपभोक्ता अधिकारका विषयमा प्रजिअ तिमिल्सिनाको ध्यानाकर्षण गराएका थिए ।

प्रजिअ तिमिल्सिनाले प्राप्त सुझावलाई ध्यानमा राख्दै कोरोना संक्रमणको जोखिम कम गर्न तथा जिल्लामा शान्ति सुव्यवस्था मिलाउन चाडपर्व लक्षित विशेष योजना ल्याउने समेत बताएका छन् । चाडपर्वकै बेला जनजीवनलाई सहज बनाउन उनले सबै क्षेत्रको सहयोगको आवश्यकता औंल्याएका छन् । छलफलमा उपस्थित विभिन्न क्षेत्रका प्रतिनिधिले प्रजिअ तिमिल्सिना तथा प्रहरी प्रमुखहरुलाई सुझाव दिएका थिए । त्यसक्रममा पेट्रोलियमको सहज उपलब्धता, लागूऔषध नियन्त्रण, महिला लथा बालबालिका हिंसा नियन्त्रण, विद्युतको अनियमित सेवा,चोरी तस्करी नियन्त्रण, स्थानीय सरकारका कर, मलको व्यवस्थापन, यातायातमा हुने भीडभाड लगायतका समस्या समाधानमा प्रजिअको ध्यानाकर्षण गराइएको थियो ।



–**तस्वीर: बिनोद पाण्डे**

सामाजिक अभियन्ता तथा सहारा नेपालका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले जिल्लामा लागूऔषध नियन्त्रण प्रमुख चुनौतीको रुपमा देखिएको भन्दै उक्त समस्या समाधानका लागि सबै पक्ष एकीकृत ढंगले लाग्नुपर्नेमा जोड दिए ।कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष नारायण चिमरिया, संघका महासचिव तथा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका अध्यक्ष प्रशान्त भण्डारी, नेपाल कम्युनिष्ट पार्टीकी नेतृ लक्ष्मी न्यौपाने सरु, नेपाली कांग्रेसकी नेतृ शुसिला ढकाल आचार्य, एबीसी नेपालकी अध्यक्ष कञ्चना सिटौला, चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली,

**बाँकी पृष्ठ ६ मा**

# झापा कारागारलाई रेडक्रसको सहयोग

–**सन्दर्भ समाचारदाता**

भद्रपुर । झापा कारागारमा कोभिड १९ संक्रमण पुष्टि भएपछि संक्रमण न्युन बनाउन रेडक्रसले कारागारका कैदी बन्दीहरूका लागि स्वास्थ्य तथा सरसफाइका सामग्रीहरू हस्तान्तरण गरेको छ ।

नेपाल रेडक्रस सोसाइटी झापा शाखा र उपशाखा भद्रपुरले जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष एंव झापाका प्रमुख जिल्ला अधिकारी श्रावणकुमार तिमिल्सीना मार्फत कैलीबन्दीलाई सरसफाई सामग्री हस्तान्तरण गरेको हो ।

साँघुरो बासस्थान रहेको कारागारमा कोरोना सक्रमित भेटिएपछि जोखिम न्यूनीकरण गर्न सहयोग स्वरूप रेडक्रसले पि पि इ १५ थान, प्लास्टिक बालटिङ ( वकेट) १० थान, वाथ साप ३ सय ६८ थान , हाइपोकोल्राइड २ जार (१० लि.) , स्वानिटाइजर १ जार (५ लि.) , ह्याण्ड माइक १ थान र मास्क पाँच सय थान जिल्ला कारागारका लागी प्रमुख जिल्ला अधिकारी मार्फत कैदी बन्दीका लागि प्रदान गरिएको भद्रपुर उपशाखाका सचिव दीपकुमार लिम्बूले जानकारी दिए ।



रेडक्रस झापा शाखाका सभापति लोकराज ढकाल र भद्रपुर उपशाखाका सभापति गोपाल गिरीको नेतृत्वमा गएको टोलीले सामग्री हस्तान्तरण गरेको थियो । क्षमता भन्दा बढी कैदी बन्दी रहेको झापा कारागारका ७ कैदी सहित एक भान्से र दुई प्रहरीमा कोरोना संक्रमण पुष्टि भएको छ ।




**कोरोना भाइरसबाट बच्न**
- भौतिक दुरी कायम गरौं ।
- मास्क लगाउँ ।
- सेनिटाइजरको प्रयोग गरौं ।
- साबुन पानीले मिची मिची हात धुऔं ।

**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोशनी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
बिना रसायन



**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१० (चन्द्रगढी), झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२९२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा बिक्रेता


नयाँ सन्दर्भ साप्ताहिक Naya Sandarbha Weekly वि.सं. २०७७ असोज १८ (October 4, 2020) झा.जि.हु.द.नं. ७१/०७५-७६ जि.का. झापा द.नं. ४८/०५२/०५३



## सशुल्क पिसिआर परीक्षण सेवा शुरु

# रोटरी क्लवद्वारा एक थान पीसीआर मेसिन प्रदान

–सन्दर्भ समाचारदाता

भद्रपुर । मेची प्रादेशिक अस्पताल भद्रपुरले सर्वसाधारणको सशुल्क पिसिआर परीक्षण सेवा शुरु गरेको छ । अस्पताल विकास समितिका अध्यक्ष सोमनाथ पोर्तेलका अनुसार कोभिड-१९ को स्वेच्छिक पिसिआर परीक्षण गरेवापत नेपाल सरकारले तोकेबमोजिम रु. दुई हजार शुल्क लाग्नेछ । अस्पताल मातहत हाल भद्रपुर र कनकाईमा गरी दुई वटा पिसिआर मेसिन सञ्चालनमा छन् ।

सरकारले लक्षण नभएकाहरुको पिसिआर परीक्षण नगराउने नीति लिएपछि सर्वसाधारणले शुल्क तिरेर भए पनि स्वेच्छिक परीक्षण गराउन थालेका छन् । तर कोभिड अस्पतालमा भर्ना भएका बिरामीका लागि भने पिसिआर परीक्षण निःशुल्क गरिने अस्पतालका अध्यक्ष पोर्तेलले जानकारी दिए । झापामा मेची प्रादेशिक मातहतका दुई वटा मेसिनबाट मात्र पिसिआर परीक्षण हुँदै आएको छ। पछिल्लो समय पिसिआर गराउनेको सङ्ख्या न्यून हुँदै गएको उनले बताए। अस्पतालमा दैनिक एक हजार जनासम्मको सो परीक्षण गर्ने क्षमता छ । मेसिनको क्षमताको भने आधा पनि उपयोग भएको छैन ।

यसैवीच, रोटरी क्लव अफ बिर्तामोडको अगुवाइमा मेची प्रादेशिक अस्पताल भद्रपुरलाई आज एक थान पीसीआर मेसिन प्रदान गरिएको छ । जिल्लामा कोरोना संक्रमणको दर उच्च रहेका बेला कोरोना परीक्षणमा सहयोग पुर्‍याउने उद्देश्यले रोटरी क्लवले अस्पताललाई पीसीआर मेसिन प्रदान गरेको हो ।

रोटरी क्लवका रिजन ७ मा रहेका क्लहरुद्वारा संयुक्त रुपमा मेसिन प्रदान गरिएको थियो । मेची प्रादेशिक अस्पताल भद्रपुरका प्रमुख सोम पोर्तेलको प्रमुख आतिथ्यमा भएको कार्याक्रममा डिस्ट्रिक सेक्रेटरी सुशील रिजाल, एजी सपना रिजाल,नवीन कुमार श्रेष्ठ, रोटरी क्लव बिर्तामोडका अध्यक्ष निर्मल भट्टाई, बिर्तामोड मिडटाउनका प्रशान्त भण्डारी लगायतले संयुक्त रुपमा उक्त मेसिन प्रशासनलाई प्रदान गरेका थिए ।



मेसिन ग्रहण गर्दै अस्पतालका सञ्चालक समिति अध्यक्ष समेत रहेका पोर्तेलले रोटरीले प्रदान गरेको मेसिनले अस्पताललाई कोरोना परीक्षणमा थप सहज हुने बताएका छन् । स्वीस सरकारको सहयोगमा यस अघि मेची प्रदेशिक अस्पतालमा एउटा र जनस्तरबाट कोटिहोममा अर्को पीसीआर मेसिन रहेको बताउँदै रोटरी क्लवले प्रदान गरेको मेसिनसहित मेची अस्पतालमा तीन थान मेसिन भएको अध्यक्ष पोर्तेलले बताए । कोरोना परीक्षणको दायरा बढाएको खण्डमा पनि अव सहजै कोरोना परीक्षण गर्न सकिने बताउँदै पोर्तेलले भने - यस अघि दैनिक १३ सय स्वावको नमूना परीक्षण गर्न सकिने अवस्था रहेपनि अब थप परीक्षण गर्न सकिने बताएका छन् । मेसिन हस्तान्तरण कार्यक्रममा बोल्दै अस्पतालका मेडिकल सुपरिटेण्डेन ड. पिताम्वर ठाकुरले दाताले प्रदान गरेको मेसिनको संरक्षण र मेसिनको सही सदुपयोग गर्ने कार्यमा चुनौति थपिएको बताए । उनले भने - हात्ती किन्न सजिलो छ , तर राख्ने ठाउँको व्यवस्थापन र पाल्न मुस्किल छ। दाताले प्रदान गरेको मेसिनले मेची अस्पताललाई थप जिम्वेवारी बोध गराएको ड. ठाकुरले बताए ।

# मानव अधिकार तथा बल प्रयोग सम्बन्धी अनुशिक्षण कार्यक्रम



–सन्दर्भ समाचारदाता

भद्रपुर । जिल्ला प्रहरी कार्यालय झापाको सभाहलमा जिल्ला प्रहरी कार्यालयले आयोजना गरेको मानव अधिकार तथा बल प्रयोग सम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा प्रमुख अतिथि, कार्यालय प्रमुख प्रहरी उपरीक्षक कृष्ण प्रसाद कोईरालाले उद्घाटन गर्नुभएको थियो। कार्यक्रममा कार्यालयका प्र.ना.उ. राकेश थापा, प्र.नि. ब्रम्हदेब साह, कार्यक्रमका प्रशिक्षक प्र.नि. साकार राज पन्त लगायत यस कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरु समेत गरी ३० जनाको सहाभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अथिति प्रहरी उपरीक्षक कृष्ण प्रसाद कोईरालाबाट सहभागी प्रहरी कर्मचारीहरुलाई मानव अधिकारको संरक्षण गरी बल प्रयोग गर्दा अपनाउनु पर्ने कानुनी मापदण्डलाई अक्षरस पालना गरी अगाडी बढ्नु पर्ने कुरामा निर्देशन दिनु भयो । कार्यक्रममा प्रशिक्षक साकार राज पन्तले मानव अधिकार तथा बल प्रयोग सम्बन्धी कानुनी प्रावधान र प्रहरीले हुल हुज्जत वा भिँडमा खटिँदा अपनाउनु पर्ने कार्यहरुको बारेमा स्पष्ट पार्नु भएको थियो ।

बजारमा....

मेची पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष नवीन कोइराला लगायतले विभिन्न सुझाव राखेका थिए ।

संवाद समूहको युवा टिमका सदस्य तथा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा भएको छलफलमा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख कृष्णप्रसाद कोइराला, सशस्त्र प्रहरी उपरिक्षक रमेशकुमार पाण्डे, राष्ट्रिय अनुसन्धान कार्यालयका अनुसन्धान उपनिर्देशक तिलक प्रसाईं, इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख मुकुन्द रिजाल, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रकाश जबेगूलाई समेत सहभागीले सुरक्षा लगायतका विषयमा विभिन्न सुझाव दिएका थिए ।

रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष निर्मल भट्टराई, चेम्बर आफ कमर्श झापाका संस्थापक अध्यक्ष सन्तोष अग्रवाल, युनिकम नेपालका अध्यक्ष गजेन्द्रबहादुर पौडेल, एकका लागि एक अभियानका सदस्य हरि शर्मा, पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराई, वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट भानु शिवाकोटी, ट्रेड युनियन कांग्रेसकी केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, राप्रपाकी महिला नेतृ शारदा रिजाल, महिला चेम्बर झापाकी अध्यक्ष प्रेमा भट्टराई, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाकी उर्मिला विमली खरेल, वीरता जेसीजका कुशल खतिवडा लगायतले समेत सुझाव राखेका थिए ।

संवाद समूहको संयोजनमा भएको छलफलको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६



मोडेल : निभा अधिकारी

अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी | ध्यु, छुर्पी
गोल्डेन टी | अकबरे खोर्सानी
हवाईट टी | किवि फल, ललीपप
अर्थोडक्स टी | ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ्-४, इलाम




विविध जातका फुलका बिरुवा तथा बिउविजनका लागि हामीलाई सम्झनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा



निर्माण जगतमा
मजबुद नाम
मनषा सिमेन्ट







नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
म्यानेजिङ्ग डाइरेक्टर सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीवार पसल बन्द रहने छ ।



निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
GC
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY



LG Whirlpool CORPORATION
एल जी, व्हर्लपूल लगायत ब्राण्डका विद्युतीय घरायसी सामानहरुका लागि सम्झनु होस्
अमृत इन्टरप्राइजेज
भद्रपुर-७ (चन्द्रगढी), झापा

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। व्यवस्थापक : गोविन्द कोइराला । प्रमुख सम्वाददाता:राधा खनाल। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु प्रिन्टीङ् प्रेस, विर्तामोड

## सम्पादकीय

### झड्का मेसिन जोडियो प्रभावकारी नहुँदा समस्या यथावत

जंगली हात्तीलाई बस्तीमा पस्न नदिन झापामा पहिलो पल्ट विद्युतीय झड्का मेसिनको प्रयोग गरिएको छ । उत्तरी झापाको बाहुण्डाँगी क्षेत्रबाट दक्षिण सरेका सदरमुकाम भद्रपुर नगरपालिकाका विभिन्न वडाहरूमा हात्तीले उपद्रो गर्न थालेपछि ९ नम्बर वडामा पहिलोपटक झट्का मेसिनको प्रयोग गरिएको हो । चन्द्रगढी सामुदायिक वन उपभोक्ता समितिले साविकको चन्द्रगढी गाविस क्षेत्रका बासिन्दालाई जङ्गली हात्तीको क्षतिबाट जोगाउन स्थानीय निचाझोडा जङ्गलको वरिपरि छ किलो मिटर दुरीमा विद्युतीय तारले घेराबेरा गरेर झट्का मेसिन प्रयोग गरेको छ । भारतको गुजरातबाट खरिद गरेर ल्याइएको झट्का मेसिनले मुख्य प्रसारण लाइनबाट प्राप्त हुने विद्युतको 'एसी' प्रवाहलाई 'डिसी'मा परिवर्तन गरिदिन्छ । त्यही 'डिसी' विद्युत् तारको घेराबेरामार्फत प्रवाह गरी हात्तीलाई गाउँतिर पस्न रोक्ने विश्वास गरिएको छ ।

पछिल्लो समय झड्का मेसिनको विद्युतीय प्रवाह जडित घेराबेराको खम्बा कुल्चिएर र नाघेर हात्ती गाउँ पस्ने गरेपछि जङ्गली हात्तीबाट दिनहुँ भोग्नुपर्ने आतङ्क घटिरहेको अवस्था भने छैन । स्थानीय बासीले हात्ती उपद्रोबाट मुक्ति पाउने विश्वास घट्दै गएको छ । झट्का प्रविधि प्रयोगका लागि सामुदायिक वनलाई प्रदेश नं-१ सरकारले रू १४ लाख र सङ्घीय सांसद सुरेन्द्र कार्कीको पूर्वाधार विकास बजेटबाट रू २० लाख प्राप्त भएर काम गरिएको भए पनि प्रभावकारी बन्न नसकेपछि स्थानीयलाई पाक्न लागेको धान जोगाउन चिन्ता थपिएको छ । उज्यालोका लागि जडित सौर्य बत्ती समेत सो क्षेत्रमा बल्न छोडेपछि स्थानीयलाई रातविरात हात्ती आक्रमणमा परिने त्रासले सताइरहेको छ ।

झट्का मेसिनले पाँच भोल्टभन्दा कम शक्तिको 'डिसी'विद्युत् प्रवाह गरिदिने भएको हुँदा यसले हात्ती, मानिस र अन्य जनावरलाई तर्साउने गरी झट्का मात्र दिने गर्छ । यसको करेन्ट लागेर मानिस र हात्तीको मृत्यु हुँदैन । हाल हात्ती नियन्त्रण गर्ने झट्का परियोजनाको आधा काम मात्र सम्पन्न भएको छ । बाँकी काम धमाधम भइरहेको अवस्था छ । काम भएको स्थलबाट समेत सहज रूपमा हात्ती आवतजावत गरिरहेको अवस्था हेर्दा लक्ष्य अनुरूप हात्ती रोकथाम नहुने निश्चित जस्तै छ ।

चन्द्रगढी वन क्षेत्रमा १३ वटाको संख्यामा रहेका विभिन्न झुण्ड रैथाने भएका जङ्गली हात्ती बाह्रै महिना बस्दै आएका छन् । जङ्गलबाट बाहिर निस्किएर ती हात्तीले मानिसलाई आक्रमण गर्ने, लगाइएको अन्नबाली खाइदिने र जनमानसमा त्रास सिर्जना गर्ने जस्ता उपद्रो गर्दै आएका छन् । यी हात्तीका झुण्डले दक्षिणी झापाका अधिकाम्स ग्रामीण बस्तीमा समेत दुःख दिने गरेका छन् । यसका लागि जैविक मार्ग सहितको प्राकृतिक चिडियाघरका रूपमा उत्तर दक्षिण झापाको वन क्षेत्र जोड्न र हात्ती समस्या हल गर्न ९ करोडको जैविक मार्ग योजना स्वीकृत भएर काम थालिएको तीन वर्ष पूरा भए पनि चारकोशे झाडी रहेको जलथल वन क्षेत्रबाट चन्द्रगढी वनसम्म जैविक मार्ग जोडिएको छैन । जैविक मार्ग बन्न नसक्नुको विकल्पमा रोजिएको झड्का मेसिनले पनि प्रभावकारी काम गर्न नसकेपछि स्थानीयमा हात्तीबाट सिर्जित पीडा घट्न सकेको छैन ।

# लुज फोरममा स्नेहिलो काख र कटिलो प्रश्न



–रेजिना गौतम

व्यक्तिगत रुपमा म उनलाई चिन्दिन, एउटा पार्टीकी महिला नेतृ र राजनीतिमा महिला आन्दोलनकी अगुवा भनेर चिनेको मात्र हो । उनमा भएको क्षमताबारे पनि सतही जानकारी मात्र हो । सतही जानकारीले कुनै पनि व्यक्तिको भविष्य आंकलन गर्नु न्यायोचित नहोला । तर, एउटा सार्वजनिक फोरममा उनले देखाएको इमान्दारिता, नेतृत्वप्रतिको विश्वासलाई टुट्न नदिन गरेको प्रतिवद्धता र अर्की नेतृप्रति देखिएका स्नेहिलो भावबाट लेखनी शुरु गर्छु ।

एन.सी. वुमन फोरम लकडाउनले जन्माएको एउटा प्लेट फर्म हो । यो प्लेट फर्ममा खासगरी कांग्रेसको आगामी १४ औं महाधिवेशन, महाधिवेशन पूर्व स्थानीयदेखि सबै तहमा हुने नेतृत्व चयनमा महिला सहभागिता, सहभागितामा पनि कार्यकारी पद र जिम्मेवारी, पार्टी र राज्यको संरचनामा महिलाको अवस्था, महिलाका अवसर र चुनौति लगायतका विषयमा मन्थन हुने गदीरहेछ ।

पहिले स्नेहिलो भावकै कुरा गरौं । पाँचौं संविधान दिवसको दिन उक्त फोरमकी आकर्षक थिइन नेपाली कांग्रेसकी नेतृ सुजता कोइराला । कांग्रेसभित्र पनि परिवारबादको सामना गर्दै आएकी कोइराला कांग्रेसका संस्थापक विपीकी भतिजी हुन भने द्वन्द्वमा फसिसकेको मुलुकलाई शान्तिको बाटोमा फर्काउन नेतृत्व गरेका गिरीजाप्रसादकी छोरी । बाबु र बढाउको नाम जोडिनु हाम्रो सामाजिक मनोबृत्ति हो । यद्यपि सुजताको बोल्डपनाले उनीमाथि बाबु र बढाउ जोडिरहनु पर्छ जस्तो लाग्दैन । तर, विपी र जिपीका सन्ततीमाथि बाहिर जे जे भनेपनि अन्तर्यमा सबैको मन पग्लिन्छ नै । अहिलेसम्म त्यही देखिंदै आएको छ । नढाँटी भन्नुपर्दा सुजताको नेपालमा भएका विभिन्न आन्दोलनमा स-शरीर उपस्थिति न्यून छ । त्यस्ता आन्दोलनहरुमा जुत्ता फटाउने र संगठन विस्तारका लागि खुट्टा फुटाउने कांग्रेसभित्र धेरै महिला छन् । सुजताले आन्दोलनहरुमा न जुत्ता फटाइन्, न खुट्टा नै फुटाइन् । यी दुवै भूमिकामा खासै नदेखिएकी सुजता पार्टीको १२ औं महाधिवेशनमा खुल्लामा प्रतिष्पर्धा गरिन् र विजेता पनि बनिन् । कांग्रेसभित्रका महिलालाई हौस्याउने यो एउटा उदाहरण हो । जे भएपनि उनले खुल्लातर्फबाट निर्वाचनमा जाने आँट गरिन् । यो नै ठूलो सन्देस हो । महिलाले आरक्षणमात्र खोज्नु हुन्न, खुल्लामा प्रतिष्पर्धा गरेर सफलता प्राप्त गर्न सकिन्छ त्यसका लागि आँट चाहिन्छ भन्ने कुरा प्रष्ट्याइदिएको छ । १४ महाधिवेशनमा आउँदा पनि उनको सन्देश त्यही छ, आफूमा आत्मविश्वास हुनुका साथै क्षमता र आँट गर्न सक्नुपर्छ । पार्टीभित्र पनि एकता, सहमति र सहकार्य भएमात्रै संविधान कार्यन्वयन गर्न सकिनेमा जोड दिएकी कोइरालाले पार्टीको महाधिवेशन पनि सहमतिबाटै हुनुपर्नेमा उनको जोड थियो ।

यस फोरममा सहभागी कमला पन्तबाहेक कसैलाई पनि महाधिवेशनमा खुल्लाबाट उम्मेद्वार बन्न र गुटमा नलाग्न चेतावनी दिन नसकेका महिलामा भदौ २० को भर्चुवलदेखि मुख खोली दिएको छ । १२ औं महाधिवेशनमै खुल्लामा प्रतिष्पर्धा गरेकी सुजतालाई स्नेहिलो भाव प्रस्तुत गरे-तपाईहरु अघि बढ्नुहोस्, पछि-पछि हामी छौं । हुन त यसका पछाडि सुजताको व्यक्तिगत स्वभावले पनि काम गरेको हुनुपर्छ । धेरै फुलबुट्टा भरेर चिल्ला र चिप्ला कुरा गर्न नजान्ने सुजतालाई कसैले चित्त् नबुझ्दो कुरा गर्‍यो भने प्रेसमिट मै पनि उठेर हिड्ने हिम्मत राख्ने व्यक्ति हुन् । तर, महिलाहरुले अरु कुरा भन्नुभन्दा नम्रभावमा सुझाव दिन चाहे ।

एउटै फोरम, एउटै उद्देश्य, समान स्टाटस बोकेका अतिथिहरुबीच प्रश्न, तर्क, लाञ्छना प्रभावका आधारमा लगाइदो रहेछ भन्नेमा दुईमत छैन । शायद जिपीकी सन्तान भएकी भए पन्तले पनि परीक्षा दिनु पर्दैनथ्यो । उनले पनि महिलाहरुको स्नेहिलो भाव पाउँथिन । फेरी मूल्याङ्कनकर्ताको आलोचनायुक्त दयाको सामना गर्नुपर्दैनथ्यो । जसरी कमला पन्तले गर्नुपर्‍यी । उक्त प्लेटफर्ममा भदौको अन्त्यतिर कमला पन्त परीक्षार्थीका रुपमा थिइन् । आयोजकका लागि अतिथि भएपनि उनीमाथि सहभागीले गरेका प्रश्न र उठाएका सवाल सुन्दा लाग्थ्यो उनको परीक्षा लिइदैंछ । भर्चुअल बैठकमा विभिन्न जिल्लाबाट सहभागी महिला तथा सज्जनबृन्दले पन्तलाई यति र्‍याखर्‍याख्ती पारे कि अलि सन्काहा नेता हो भने शायद फोरम छोडेर बाहिरिन्थ्यो । तर, कमला पन्तले अन्तिमसम्म नेतृत्वमाथि कार्यकर्ताले गरेका आलोचना र प्रश्नको सामना गरिरहिन् । संकुचित मानसिकताबाट गुज्रिएको हाम्रो समाजमा महिलालाई अझै पनि हेयभावले हेरिन्छ । टेकेको धर्ती बिर्सने र आकाशबाट झरेको झैं गर्ने प्रबृतिका नेताहरुका माझ उसदिन कमलाले आफूलाई एक सौम्य र सरल नेताका रुपमा स्थापित गरेको अनुभूति दिलाइन्, उनको ब्यवहार र बोलीबाट । त्यतिबेला उनी युद्ध मैदानमा विना हतियार युद्ध गर्न उत्रिएको सिपाहीं झैं निरिहताको दृष्टान्त पस्कीसकेकी थिइन । यस्तो अवस्थामा आक्रोशित प्रश्न राख्नु कति सान्दर्भिक थियो ? पक्कैपनि महिलाले लेसन पाएको हुनुपर्छ ।

आफूलाई लोकतन्त्रको मसिहा ठान्ने नेपाली कांग्रेस पार्टीभित्र महिलाको अवस्थाबारे खुलस्त पारिन् ।-'पार्टीभित्र अहिले पनि महिलाको अवस्था दोस्रो दर्जामा छ, पार्टीको नीति तथा एजेण्डमाथि छलफल नै हुँदैन, हामी भोट हाल्ने मात्रै हौं, संविधानले सुनिश्चित गरेको महिला सहभागिता कार्यान्वयनमा आउन सकेको छैन ।' महिलालाई राजनीतिमा आकर्षित गर्ने कार्यक्रम पनि खासै छैन, उनले भनिन् ।

पार्टीभित्र महिलाले भोग्नुपरेका पीडा, संगठनमा अधिकारका लागि महिलाहरुले गर्नुपर्ने कार्यमै सिमित थियो समिक्षा पनि । छलफल सकियो । सुत्नै लाग्दा म्यासेन्जर कल आयो । कल त्यही भर्चुवलमा सहभागी महिला नेतृको थियो । रिसिभ गरे । -'ए बैनी , हिजोको प्रस्तुतिले त बुढीले भोट बटुलिन है बटुलिन् ।' कस्ता कस्ता मान्छे त कन्भिन्स भएछन्, आज विहानै फोन गरेर, भन्दै थिए ती बुढीलाई भन्दिनु-अधिवेशनमा तिम्रो माला लाएर हिंड्छन् रे' भोट त सोरपटर पारिन् आमैले । वास्तवमै नेतामा हुने गुण र' छ ।'

अहिलेसम्म पार्टीको केन्द्रमा प्रतिनिधित्व गर्ने महिलाहरुले १४ औं महाधिवेशनमा खुल्लामा जानुपर्ने र आरक्षित कोटामा नयाँलाई पालो दिनुपर्ने घुमाउरो भाषामा कुरा उठाएपनि हाकाहाकी भन्न सकेका थिएनन् । तर, दुई युवाले पन्तमाथि राखेको ठाडो प्रश्न 'के अब तपाई खुल्लाबाट उम्मेद्वार बन्नुहुन्छ ? खुल्लाबाट उम्मेद्वार बन्दै गर्दा कुनै गुटका कारण पछाडि हट्नु हुन्न ?, 'गुट उपगुटको प्रभाव कत्तिको पर्छ, विद्रोह गरेर खुल्लामा उठ्न सक्ने कि नसक्ने ?'-ले महिलाहरुलाई प्रश्न गर्न उत्साहित बनायो यो सकारात्मक पक्ष थियो । तर, त्यही दिन सवालको जवाफ आएपछि अनावश्यक रुपमा पारिएको र्‍याख र्‍याख्ती र अर्की दिनको समिक्षामा पन्तमाथि व्यक्तिगत रुपमा लगाइएको लाञ्छनाले स्वयम प्रस्तुतकर्ताको प्रस्तुति क्षमता र राजनीतिक प्रतिशोध झल्काएको छ ।

महिलाको फोरममा उपस्थित भएर कटिलो प्रश्नको सहज जवाफले पन्तको गरिमा बढायो । उनले आउँदो महाधिवेशनमा आफु खुल्ला पदमा प्रतिष्पर्धा गर्ने प्रतिवद्धता जनाइन् । यसले प्रश्नकर्ताको मन त जित्यो नै स्वयम महिलाहरुले पनि खुशी व्यक्त गरे ।

गुटमा विभाजित पार्टी राजनीतिका कतिपय महिलाले भन्नुहोला यो कमलाको भक्ति भजन । तर, दाङ जिल्लाका सावित्रा रानाले उठाएको सवालको जिम्मेवारी लिंदै जुन प्रतिवद्धता पन्तले जनाइन त्यो सहज थिएन । महाधिवेशन लक्षित गरी हाल रहेका सदस्यको शतप्रतिशत क्रियाशिल सदस्यता वितरण प्रारम्भिक चरणमा जाँदैछ । ३३ प्रतिशत महिला अनिवार्य भने पनि पार्टी राजनीतिमा १०।१५ देखि २० प्रतिशत भन्दा कुनै पनि राजनीतिक दलमा महिलाको सहभागिता छैन । कांग्रेसभित्रको अवस्था पनि यही हो, यही अवस्था झल्काउँदै दाङ जिल्लामा पार्टी कोषाध्यक्ष समेत रहेकी रानाले ३३ प्रतिशत महिलालाई क्रियाशिल दिन पार्टी सभापति सकारात्मक नभएको भन्दै ३३ प्रतिशत कार्यान्वयनका लागि केन्द्रीय महिला नेतृको भूमिकाबारे प्रश्न उठाइन । तर, प्रतिनिधिमुलक रुपमा उठेको सवालमा त्यसको जिम्मेवारी आफूले लिने, तर प्राप्तीका लागि जिल्लैमा लडाई गर्ने र त्यो असंभव भए समय नघर्कि आफूलाई खबर गर्नु भनेर गरेको आग्रहले अधिकतमको मन जित्यो । सहभागिले महिला नेतृहरुमाथि उठाउँदै आएका केही सवालहरु

- नेताका नजिकका तर, काम गर्न नसक्नेलाई टपक्क टिपेर नेतृत्वमा पुर्‍याउने गलत कार्यको अन्त्य कसरी गर्ने ?
- पार्टी नेतृत्वको फेवरमा भएन भने पार्टीकै लागि गरेका काममा पनि अनावश्यक हस्तक्षेपलाई कसरी रोक्ने ? हस्तक्षेप गर्न मिल्छ कि मिल्दैन ?
- पार्टी विधानले महिला सम्बन्धि गरेका व्यवस्थाबारे महिला नेतृहरुले समयमै जानकारी किन गराउँदैनन् ?
- पार्टीमा चिनिएका महिला नेतृले प्रत्यक्ष निर्वाचनमा जान इच्छा देखाउँदैनन् किन ?
- पार्टीमा ३३ प्रतिशत कार्यान्वयनको रणनीति के ?

भनिन्छ-'कोठाभित्र थुनेर कुट्यो भने विरालो पनि आफैंतिर फर्कन्छ ।'-अधिवेशनमा प्रत्यक्षको उम्मेद्वार बन्ने प्रतिवद्धता जनाइसकेकी कमलालाई पुनः सहभागीले चिनिएका महिलाले सधैं पद ओगटिरहने जस्ता आरोप-प्रत्यारोप समेत लगाए । यो फोरममा यस्ता सवाल उठेको पहिलो पटक रहेछ । महिलाले लगाएको उक्त आरोपको खण्डनमा २०४८ सालदेखि निरन्तर उम्मेद्वार भएका पार्टीका पुरुष नेतृत्वमाथि कसैले पनि प्रश्न उठाउन नसकेको उल्लेख गर्दै महिला नेतृत्वमाथि मात्र त्यस्ता दवाव आउनु दुःखद रहेको भनिरहँदा पन्तको पनि झिनो कमजोरी झल्किएको थियो ।

उक्त भर्चुअल भेलाको सन्दर्भ यतिमै सिमित छैन । अतिथिहरुले उठाएका कुरामा समिक्षात्मक छलफल अर्को महत्वपूर्ण पाटो हो । समिक्षामा महिलाको सहभागिता प्रमुख कुरा भएपनि क्षमता र प्रस्तुतिकरण अर्को गम्भिर पाटो हो । व्यक्तिको स्वभाव उसको हाउभाउ र प्रस्तुतिकरणले झल्काउँछ । यस्ता फोरमहरुमा प्रस्तुत गर्ने विषयवस्तु आत्म सन्तुष्टिका लागि नभइ आम मान्छेको हितमा हुनुपर्छ, आलोचना स्वस्थ र सकारात्मक हुनुपर्छ । व्यक्ति केन्द्रित भएर आत्मसम्मान माथि प्रहार गर्नु भनेको पब्लिक फोरमको दुरुपयोग हो । केही महिलाले त्यसैगरी आक्रोस पोखेका कारण यति औल्याउनु स्वभावितक ठान्छु । आगामी दिनमा नेतृत्व गर्न सक्छन् कि सक्दैनन् यो गाउँ टोलमा बसेका महिलाहरुले नियाली रहेका छन् । समिक्षामा केही सिमित महिलाले जसरी पन्त -व्यक्तिगत)-माथि प्रहार गरे निश्चय पनि महिलाहरुका लागि त्यो सुखद पाटो हुन सक्दैन । तर त्यही फोरममा उनको प्रस्तुतिका कारण झण्डा बोकेर हिड्ने गरी प्रभावित भएका ती सकारात्मक सोचहरुलाई धन्यवाद दिनैपर्छ ।

फोरममा ससर्ती हेर्ने हो भने कमलालाई भन्दा कटिला प्रश्नहरु सुजतालाई गरिनु सान्दर्भिक हुन्थ्यो । किन कि सुजता देशको उपप्रधान मन्त्री भइसकेकी नेतृ हुन् । यो अर्थमा सुजता कमलाभन्दा राजनीतिमा अझ माथि हुन् । जवाफदेहिता उनको अझ बढि हुनुपर्छ । तर जवाफदेहि कति बनाउने भन्ने प्रश्नकर्तामा भर पर्छ ।

लुज फोरमका रुपमा चिनिएको एनसी फोरम फोरमले प्रस्तुतिलाई निखार्न पहल गर्दैछ । गरेको छ यो सबै महिलाका लागि सुखद पाटो हो । त्यही भर्चुअलमा गरिएको प्रस्तुतिकरणको विषय लिएर गरिएको अर्को कार्यक्रमले महिलालाई अझ सचेत र सजग गराएको छ । एनसीले फोरमले बाटो देखाइदिएको छ । हिड्ने आफैंले हो । सहजकर्ता भन्नुभएको छ- कसैलाई व्यक्तिगत रुपमा सुझाव दिनु भनेको उसलाई अझ राम्रो होस् भनेर दिने हो, त्यसैले कसैलाई सुझाव दिनु छ भने अनुमति लिएर दिनुपर्छ । कोही यस्तापनि हुन्छन् जो सुझाव लिनै चाहँदैन उसलाई किन दिने सुझाव ? उठ्न मन नहुनेलाई घिश्रिन देऊ, उठ्न मन नहुने घुरिरहन्छन् ।'

महिलालाई सजगताको यस्तो पाठ सिकाउने सहजकर्ताको नाम लिएर अर्की गल्ती दोहोर्‍याउन चाहन्न ।

तर, यसो भन्दैमा सहजकर्ताबाट भएको कमजोरीलाई भने औल्याउनु जरुरी ठानेकी छु । ता कि आगामी दिनमा त्यस्ता कार्य नदोहोरिउन । सर्वगुण सम्पन्न कोही हुँदैन, तर त्यसो भन्दैमा कुनै पनि फोरमहरुमा मुख्य पात्रले बोलेका कुराले दम राख्छ, चाहे जानेर बोलोस् वा नजानेर । यो फोरममा पनि त्यस्तै देखियो ।

एनसी फोरममा उपस्थित भएर पन्तले जुन इमान्दारिता र नेतामा हुनुपर्ने गुण देखाइन् त्यसमा उनी सफल भएको अनुभूत भएर नै झण्डा बोक्न तयार भएको हुनुपर्छ । तर प्रतिवद्धता गरिसकेको विषयमा निरन्तर उही कुरा दोहोर्‍याएर आक्रमण गर्दा आक्रोश पोखिनु 'ह्युमन नेचर' झल्किन्छ । जुन कुरा सहभागी कुनैपनि महिलाको नोटिसमा थिएन् । तर सहजकर्तीले महिलाहरुले नोटिस नै नगरेको कुरालाई औल्याएर नामै तोकेर औंल्याएको कमजोरीले सहजकर्तामा निष्पक्षता नदेखिनु दुःखद पक्ष हो ।

लुज फोरम सबैले सिक्ने र सिकाउने थलो हो । त्यसैले कसैको प्रशंसामात्रै गरे स्नेहिलो काख दिने र कसैलाई कटिलो प्रश्न गरेर परीक्षामा उभ्याउने गरियो भने त्यसबाट कस्तो सन्देश प्रवाह हुन्छ, त्यतापनि विचार पुर्‍याउन जरुरी छ । त्यतिमात्र होइन उक्त फोरममा सहभागी अधिकतम महिला कुनै न कुनै तहको जिम्मेवारीमा रहेर क्रियाशिल छन्, जो भोली माथिल्लो तहका नेतामा दरिन आतुर छन् । यो तहका महिला दिदी-बहिनीले पाँडे पाराले मुख छाड्ने भन्दा प्रस्तुतिकरणलाई निखार्नु नै श्रेयस्कर देखिन्छ ।



एउटै फोरम, एउटै उद्देश्य, समान स्टाटस बोकेका अतिथिहरुबीच प्रश्न, तर्क, लाञ्छना प्रभावका आधारमा लगाइदो रहेछ भन्नेमा दुईमत छैन । शायद जिपीकी सन्तान भएकी भए पन्तले पनि परीक्षा दिनु पर्दैनथ्यो । उनले पनि महिलाहरुको स्नेहिलो भाव पाउँथिन । मूल्याङ्कनकर्ताको आलोचनायुक्त दयाको सामना गर्नुपर्दैनथ्यो ।

# एमनेष्टी : घृणा र विखण्डनमा सक्रिय



–कृष्ण कँडेल

मान्छे बौलायो भने उपचार गर्नुपर्छ, संस्था बौलायो भने तुरुन्त त्यसको उद्दार गर्नुपर्छ नत्र डुब्छ । सायद त्यही भएर होला एमनेष्टीको प्रधान कार्यालय रहेको ब्रिटेनको हाउस अफ लर्डस अर्थात माथिल्लो सदनका सांसद लर्ड कार्लि (एलेक्स) ले २ वर्ष अगाडि एमनेष्टीका अभियानप्रति आपत्ति जनाउँदै "एमनेष्टीलाई उद्दार गर्न ढिलो गर्न नहुने सार्वजनिक अभिव्यक्ति दिएका थिए । त्यसको कारण थियो एमनेष्टीको इस्लामी अतिवादीसँगको हिमचिम त्यसो त सटानिक भर्सेजका लेखक सलमान रुस्दीले एमनेष्टी नैतिक रुपमा दिवालिया भएको टिप्पणी गरेको अझै सेलाएको छैन । पछिल्ला दिनहरुमा आयरल्यान्डमा एक लाख जनताले एमनेष्टी विरुद्ध ज्ञापनपत्र समेत बुझाएका थिए । युरोपमा व्यापक समर्थन रहेको एमनेष्टीलाई सेमनेष्टी अर्थात "लज्जाको पोको भनेर अभियान नै सञ्चालन भइरहेको छ । वेश्यावृत्तिसँग सम्बन्धित एक नीतिका कारण विश्वका विख्यात महिला अधिकारवादीहरुले एमनेष्टीले महिला अधिकारमाथी घात गरेको र यौन उद्योगका मालिक र दलाललाई संरक्षण गरेको गम्भीर आरोप लगाएका छन् भने अमेरिकास्थित महिला ओसारपसार विरुद्धको सञ्जालले त एमनेष्टीले आफुँलाई मानव अधिकारवादी संस्था भन्ने वैधानिकता गुमाएको टिप्पणी गरेको छ ।

यी थिए एमनेष्टीका अन्तराष्ट्रिय प्रसंगहरु । विगत तीन वर्षयता एमनेष्टीले नेपाल र नेपालीविरुद्ध सञ्चालन गरेको अभियानको फेहरिस्त अझै लामो छ । ती अभियानले एमनेष्टी घृणा र विखण्डनकै प्रवक्ताको रुपमा प्रस्तुत भएको छ । उदाहरणका लागि नेपाल आमालाई रण्डी भनेर किताब लेख्ने एउटा आकृतिलाई उस्ले बोल्न पाउनुपर्छ भनेर एमनेष्टी लण्डन निर्वस्त्र भएर उभियो । त्यसपछि ति आकृतिले सबै पहाडी महिला वेश्या हुन भन्न पुगे । सन् २०१५ मा म लगायत धेरै एमनेष्टी परित्याग गर्‍यौ । यस सम्बन्धमा एक वर्ष मौन देखिएको एमनेष्टी सन् २०१७ को फेब्रुवरीमा अन्तर ष्ट्रिय प्रतिवेदन जारी गर्ने क्रममा नेपाल खण्डमा घृणा र विखण्डनको प्रतिमूर्तिलाई 'शान्तिपूर्ण राजनीतिक विचारक भन्दै फेरी काँध थाप्यो र तत्कालिन प्रधानमन्त्री केपी ओलीको खोइरो खन्यो ।

त्यो प्रतिवेदनमा एमनेष्टी लण्डनले नेपालमा धर्मको आधारमा विभेद छ भनेर अर्को खाता खोल्यो । त्यो दलित माथि भएको अत्याचारतर्फ इंगित थिएन बरु हिन्दुहरुले अत्याचार गरेका छन् भनेर एमनेष्टीले शुरु गर्न खोजेको नयाँ अध्यायको पहिलो सिंढी थियो । धेरैलाई थाहा नहुन सक्छ सन् २०१५ मा नेपालमा नयाँ संविधान जारी भएपछि ३३ भन्दा बढी धारामा मौलिक हकहरुबारे उल्लेख गरिएता पनि एमनेष्टीले त्यसको स्वागत हैन विरोध गर्‍यो । विरोध गर्नुको कारण




बाँकी पृष्ठ ४ मा

# साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

## मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखा बाट गर्भवतीले लिए सेवा



–सन्दर्भ समाचारदाता

मेचीनगर । मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखा अन्तर्गतका विभिन्न सरकारी स्वास्थ्य केन्द्रबाट आर्थिक वर्ष २०७६।२०७७ मा १ हजार ५ सय ९३ जना गर्भवतीले सेवा लिएका छन् । शाखा संयोजक शशीकला राईका अनुसार यी मध्ये २ सय ७२ जनाले प्रसुती सेवा लिएका हुन् । उनका अनुसार प्रोत्साहन स्वरुप चौथो गर्भजाच वापत १ सय २० जनालाई ९६ हजार, यातायत खर्च वापत २ लाख ७२ हजार र शोधभर्नी रकमवापत संस्थालाई २ लाख ७२ हजार गरी कुल रकम ६ लाख ४० हजार रुपैयाँ रहेको छ । नगरभित्रका विभिन्न स्वास्थ्य केन्द्रबाट नियमित सेवा सञ्चालन भइरहेको राईको भनाइ छ ।

नगरभित्रका बाहुनडाँगी, काँकरभिट्टा, ज्यामिरगढी, दुहागढी र धाइजन गरी ५ वटा स्वास्थ्य चौकी, धुलावारीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र धुलावारी एउटा, मागुरमाडी र सुरेन्द्रनगरमा दुईवटा शहरी स्वास्थ्य केन्द्र तथा तिरिङमा सामुदायिक स्वास्थ्य केन्द्रबाट अत्यावश्यक आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गरीएको संयोजक राईको भनाइ छ ।

धुलावारीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टरको दरवन्दी रहेको उनले बताइन् । नगरभित्र धुलावारी प्राथमिक स्वास्थ्य केन्द्र नगरका १५ वटा वडाको एउटै मात्र निःशुल्क प्रसुती सेवा दिने स्वास्थ्य केन्द्र हो । जहाँ प्रसुती गराइन्छ । आमा र नवजात शिशुको मृत्यु दर कम गर्नु यसको मुख्यः उद्देश्य रहेको छ । यसैगरी, काँकरभिट्टा स्वास्थ्य चौकीमा दैनिक १० देखि १५ जना गर्भवती सेवा लिन आउनु गरेको केन्द्रका सिनियर अनमि भद्रिका विसुंखेले जानकारी दिइन् ।

नगरका सरकारी स्वास्थ्य केन्द्रले एकवर्षको अवधिमा राष्ट्रिय भिटामिन ए कार्यक्रम अन्तर्गत २०७६ कार्तिक २ र ३ तथा २०७७ असार २२ र २३ गते महिला स्वास्थ्य स्वयम् सेविकाहरुद्वारा नगरभरिका ६ महिनादेखि ५ वर्ष मूनिका १० हजार २ सय ५२ जना बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि वितरण गरिएको थियो । उक्त कार्यक्रमका लागि १ लाख ८१ हजार १ सय रुपैयाँ खर्च भएको जनाईएको नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेतीले बताए ।

## नेपाल बिद्याथी संघले गौरादह कृषि क्याम्पसमा तालाबन्दी

–सन्दर्भ समाचारदाता

गौरादह । त्रिभुवन विश्वविद्यालय कृषि र पशुबिज्ञान अध्ययन संस्थानको डिनको बिरोध गर्दै नेपाल बिद्यार्थी संघले गौरादह कृषि क्याम्पसको प्रमुख र प्रशासनको कार्यकक्षमा आज तालाबन्दी गरेको छ । डिनद्वारा नियम विपरित गठन गरिएको पदपुर्ति समितीले गरेको विज्ञापन स्थगन नगरेको भन्दै नेविसंघ कृषि क्याम्पस गौरादह ईकाईले गौरादह कृषि क्याम्पसमा अनिश्चितकालीन ताला बन्दी गरेको हो ।

मिती २०७७।०६।०५ गते गोरखापत्र दैनिक र कृ. प.वि. अ. संघको आधिकारिक वेभसाइडमा गौरादह कृषि क्याम्पसका लागि करार सेवामा उप प्राध्यापक र केही सहायक कर्मचारीहरूको आवश्यकता छ भनी विज्ञापन प्रकाशित भएको थियो । हप्ता दिन वितिसक्दा पनि नेबिसंघ इकाइको माग सम्वन्धमा सम्वन्धित सरोकारवाला निकायले कुनै पहल नगरेकोमा आज वसेको तीनवटै क्याम्पस इकाई समितीको भर्चुअल जुम मिटीङको निर्णय अनुसार रामपुर क्याम्पस, खैरहनी चितवन र गौरादह कृषि क्याम्पसमा अनिश्चितकालीन ताला वन्दी गरिएको नेविसंघ कृषि क्याम्पस इकाई गौरादहका सभापति कुशल लामिछानेले जनाकारी गराएका छन् ।

गौरादह कृषि क्याम्पस नेबि संघको अनिष्चितकालिन ताला वन्दीमा नेविसंघ नेता रविन ढुंगाना, नेबि संघ गौरादह नगर समितिका सभापति बाबुराम



नेपाल, र नेबि संघ गौरादह बहुमुखी क्याम्पस ईकाई अध्यक्ष मोहन दंगाल, विद्यार्थी नेता डिक खड्कालगायतले संयुक्त प्रेस विज्ञप्तिमा एक्यवद्धता जाहेर गरेका छन् । पदपूर्ति सम्वन्धमा क्याम्पस प्रशासनमा सोधपुछ गर्दा गौरादह कृषि क्याम्पस प्रशासनले पदपूर्ति समिति गठन नभएको र त्यस किसिमको विज्ञापन क्याम्पसले नगरेको भनी जवाफ दिएपछि नेविसंघ गौरादह कृषि क्याम्पस ईकाई समितिले यथासिघ्र विज्ञापन स्थगन गर्न एकहप्ता अधि विज्ञप्ति प्रकाशित गरेको थियो ।

क्याम्पसलाई थाहा नदिई क्याम्पसका प्रध्यापक र कर्मचारीलाई संलग्न नगरि गठन गरिएको पदपूर्ति समिति अवैधानिक ठहर गर्दै हप्ता दिन भित्र माग सम्बोधन नभए डीन कार्यालय र रजिष्टार कार्यालयमा ताला बन्दी गर्ने नेविसंघले निर्णय गरेको छ ।

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"
भद्रपुर नगर क्षेत्रको गुणात्मक शिक्षण संस्थाको लामो इतिहाँस बोकेको शैक्षिक प्रतिष्ठान
EMERALD ACADEMY
Bhadrapur-7, Jhapa
एमरेल्ड एकाडेमी भद्रपुर झापामा कक्षा ११ मा निम्न विषयहरुमा भर्ना खुलेको जानकारी गराउँदछैं ।
1) Science
2) Management
3) LAW
4) Computer Science
5) Humanities
6) Hotel Management
कक्षा ११ को यही असोजको दोश्रो सातावाट बैकल्पिक विधिबाट कक्षा संचालन हुने पनि जानकारी गराउँदछौं ।
सम्पर्क
९८४२६२६६५६, ९८४२६२६६०१
९८१६०३१९८१, ९८६२७५१९०३

कसरी आफू र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
कमल गाउँपालिकाको कार्यालय
क्लाम्पाबजार, झापा

कसरी आफू र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
हल्दिबारी गाउँपालिकाको कार्यालय
हल्दिबारी, झापा

कसरी आफू र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
गौरादह नगरपालिकाको कार्यालय
गौरादह, झापा

कसरी आफू र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
कचनकवल गाउँपालिकाको कार्यालय
बनियानी, झापा

# सिटौला–सुजाताको अभिव्यक्तिबाट देउवालाई राहत

काठमाडौं । नेपाली काँग्रेसका संस्थापन र इतर पक्ष आन्तरिक रणनीति तयार पार्न जुटेका छन् । आगामी १९ गते बस्ने केन्द्रीय समिति बैठकको एजेण्डा र प्रस्तुतिका विषयमा दुवै पक्ष आ-आफ्नो रणनीति बनाउन जुटेका हुन् । सोमबार वरिष्ठ नेता रामचन्द्र पौडेलको अगुवाईमा २७ केन्द्रीय सदस्यले सभापति शेरबहादुर देउवाद्धारा पार्टी विधान विपरीत लिइएका निर्णय खारेजीका लागि १९ गतेसम्मको अल्टिमेटमसहित ९ पेज लामो ज्ञापनपत्र बुझाएका थिए । करिब दुई महिनाको गृहकार्यपछि पौडेल समूहले क्रियाशील सदस्यता वितरण, विभाग गठन, भ्रातृसंस्था, जनसम्पर्क समिति गठनलगायतका निर्णय पुनर्विचार गर्न अल्टिमेटम दिएको हो । आफ्ना मागको सुनवाई नभएमा पार्टी कार्यालयमा धर्नादेखि आमरण अनशनससम्म गर्ने पौडेल पक्षको तयारी छ ।

देउवा पक्षले भने पौडेल पक्षद्वारा बुझाइएको अल्टिमेटमसहितको ज्ञापनपत्रलाई महाधिवेशन केन्द्रित मुद्दाका रुपमा लिएको पाइन्छ । बुधबार सभापति देउवाको निवास बूढानीलकण्ठमा संस्थापन पक्षका शीर्ष नेताहरुबीचको अनौपचारिक छलफलले पौडेल पक्षका मागलाई प्रस्टिकरणमार्फत प्रतिवाद गर्ने योजना बनाएको छ ।

सभापति देउवाले केन्द्रीय समितिका एजेण्डा र पौडेल पक्षले उठाएका मुद्दाबारे आफूनिकट नेताहरुसँग परामर्शका गरेका थिए । छलफलमा सभापति देउवासहित उपसभापतिद्वय विमलेन्द्र निधि र विजयकुमार गच्छदार, महामन्त्री पूर्णबहादुर खड्का, सहमहामन्त्री प्रकाशशरण महत, केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ, एनपी साउद लगायत सहभागी थिए । सभापतिबाट कुनै पनि अनुचित र विधानविपरीतका कामहरु नभएको उक्त बैठकको ठहर छ । बैठकमा सहभागी नेता एनपी साउदले भने, 'उहाँहरु ९पौडेल पक्ष०ले जुन विषय उठाउनुभएको छ, त्यसका बुँदाबुँदामा हामीहरुबीच छलफल भयो । सभापतिबाट कुनै पनि अनुचित र विधानविपरीतका कामहरु भएका छैनन् भन्ने हाम्रो निष्कर्ष हो ।'

शीर्ष तहमा विश्वासको संकट देखिएको भन्दै केन्द्रीय समितिको बैठकअघि पौडेल सहितका शीर्ष नेताहरुसँग देउवा पक्षले छलफल



गर्ने बुझिएको छ । 'ज्ञापनपत्रबारे के समस्या हो भन्ने सम्बन्धमा पदाधिकारी बैठक राखेर पौडेलीसँग छलफल हुन्छ । त्यसमा कतिपय कुरा निर्वाचन समितिसँग सम्बन्धित छन् । त्यसबारे निर्वाचन समितिसँग छलफल गर्ने, पार्टी कार्यालयसँग सम्बन्धित कुरा पार्टी कार्यालयसँग छलफल गर्ने र पार्टी समायोजनसँग सम्बन्धित कुरा समायोजन समितिसँग आवश्यक छलफल गर्ने कुरा भएको छ,' साउदले भने ।

सभापति देउवाले १७ देखि १९ गतेभित्र पौडेलसहित नेताहरुलाई छलफलका लागि बोलाउने उनको भनाइ छ । पार्टीभित्रको विवादलाई छलफलबाटै टुंग्याउनुपर्नेमा हस्ताक्षर संकलन गरेर पौडेल पक्षले ध्रुवीकरण गर्न खोजेको संस्थापन समूहको आरोप छ । तर पौडेलसँग निकट नेता अर्जुनर सिंह केसी भने सभापति देउवाबाट छलफलका लागि पहलकदमी नभएपछि विरोध सार्वजनिक गर्नुपरेको बताउँछन् । आफूहरुका माग सम्बोधनमा सभापति तयार नभए चरणबद्ध रुपमा संघर्षमा जान बाध्य हुने केसीको भनाइ छ । तर तेस्रो धारका रुपमा रहेको कृष्णप्रसाद सिटौला समूह महाधिवेशन प्रभावित हुनेगरी पार्टीभित्र अन्तरविरोध खडा गर्न नहुने पक्षमा देखिएको छ । सिटौलाले भने, 'पार्टीलाई नेतृत्व गर्न सक्छु भन्ने वर्तमान सभापति र वैकल्पिक नेतृत्व दिन सक्छु भन्नेले पनि पार्टीभित्रको विवाद पार्टीभित्रै छलफल गरेर टुंग्याउन सक्छु भन्ने क्षमता प्रकट गर्नुपर्छ । पार्टीको महाधिवेशनलाई नकारात्मक प्रभाव हुने काम कसैले गर्नु हुँदैन ।' पार्टीभित्र चित्त नबुझेको कुरा उठाउनु स्वाभाविक भए पनि महाधिवेशन सम्पन्न गर्ने लक्ष्यका साथ विचार प्रस्तुत हुनुपर्ने सिटौलाको भनाइ छ । 'महाधिवेशन सहज ढंगले कसरी सम्पन्न गर्न सकिन्छ भन्ने बाटोमा जानुपर्छ । प्रतिस्पर्धा हुन्छ, कसरी निष्पक्ष बनाउन सकिन्छ, त्यो बाटोमा जानुपर्छ,' सिटौलाले भने । यही तर्क पौडेल समूहसमक्ष राखेको सिटौला समूह हस्ताक्षर अभियानमा समेत सामेल भएन । सिटौलाले शनिबार आफू पक्षीय नेताहरुसँगको छलफलपछि फरक ढंगले प्रस्तुत हुने निर्णय लिएका थिए ।

देउवाविरुद्धको मोर्चाबन्दी सिटौला समूहलाई पनि सामेल गरेर देउवामाथि दबाब बढाउने पौडेल पक्ष लामो समयदेखिको प्रयास अन्ततः असफल बन्यो । जसले गर्दा देउवालाई तत्काल राहत महसुस भएको देखिन्छ । यस्तै पौडेल समूहबाटै पार्टी कार्यालयमा दर्ता ज्ञापनपत्रको विपक्षमा सुजाता कोइराला पनि उभिएकी छन् । सुजाता कोइरालाले पछिल्लो समय पौडेल पक्षको गतिविधिको खुलेर विरोध गरेका कारण देउवा पक्षलाई थप राहत मिलेको देखिन्छ । 'रामचन्द्रजी नेकपासँग लड्ने कि आफ्नै पार्टीभित्र लडेर समाप्त हुने ?,' एक अन्तरवार्तामा सुजाताको प्रश्न थियो । काँग्रेसभित्र आपसमै लडाइ गरे पार्टीको अस्तित्व नै समाप्त हुने बताउँदै उनले गुटका नाममा पौडेलले गरिरहेका क्रियाकलाप आफुलाई मान्य नभएको प्रष्ट पारिन् । उनले पौडेल समूहका नाममा आफ्नो हस्ताक्षर समावेश गराएकोप्रति पनि आपत्ति जनाइन् । पौडेल निकटका केन्द्रीय सदस्य जीवन परियारले भेटेर उनलाई हस्ताक्षर गराएका भए पनि एक घन्टाभित्रै फोन गरेर सुजाताले आफ्नो असहमति जाहेर गरेकी थिइन् । देउवाले आफू निकटका सबै नेता-कार्यकर्तालाई एकजुट बनाउन सफल भएको परिस्थितिमा पौडेल समूहमा भने गुटैगुट मात्र रहेको सुजाताको भनाइ छ ।

आफुनो समूहभित्र कसले कसलाई सिध्याउने भन्ने खेल हुन थालेकाले आफू त्यस्ता बैठकमा जान पनि छाडेको सुजाताले बताइन् । पौडेलले कोइराला परिवारभन्दा प्रकाशमान र रामशरणलाई काखी च्यापेको उनको बुझाइ छ । सभापतिले पार्टीका विभाग गठन ढिला गरेकै आधारमा विरोध गर्नुको कुनै औचित्य नभएको भन्दै सुजाताले विभागमा जिम्मेवारी पाएका पार्टीका साथीहरुमा उत्साह थपिएको दाबी गरिन् । उनले भनिन्, 'पार्टी सभापतिको मात्रै कमजोरी देखाएर पार्टी कमजोर बनाउने खेलमा नेताहरु लागेका छन् । पार्टीको महाधिवेशन फागुनमा गर्न अब सम्भव छैन । कम्तिमा तीन महिना सार्नु उपयुक्त हुन्छ ।

उनले होटल र रेस्टुरेन्टमा बसेर हस्ताक्षर अभियान सञ्चालन गर्नेभन्दा पनि पार्टी अफिसमै बसेर सभापतिलाई राखेर छलफल गर्नु उपयुक्त हुने सुझावसमेत दिइन् । पार्टीभित्र विभाजनको ठूलो बिज रोप्न खोजिएको भन्दै उनले सतर्क रहने बेला आएको बताइन् । –साभार रातोपाटी

# स्वागत तथा बधाई ज्ञापन



–सन्दर्भ समाचारदाता तस्वीरः विनोद पाण्डे

बिर्तामोड । झापामा भर्खरै जिम्मेवारी सम्हाल्न आएका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनालाई स्वागत तथा सामाजिक सेवारत्न पदकबाट विभुषित हुन लागेका सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीलाई बधाई ज्ञापन कार्यक्रम मंगलबार बिर्तामोडमा सम्पन्न भएको छ ।

अतिथि सदनमा आयोजित कार्यक्रममा संवाद समूहसहित विभिन्न संघ-संस्थाले प्रजिअ तिमिल्सिना र गिरीलाई स्वागत तथा बधाई ज्ञापन गरेका थिए । सो क्रममा बिर्तामोड उद्योग वाणिज्य संघ, मेची पेट्रोलियम डिलर्स एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी संघ, रोटरी क्लव अफ बिर्तामोड मिडटाउन, रोटरी क्लव अफ बिर्तामोड, नेपाल रेडक्रस सोसाइटी लगायतका संस्थाले सामूहिकरुपमा खादा पहिर्याएर तथा मायाको चिनो प्रदान गरेर स्वागत तथा बधाई ज्ञापन गरेका थिए ।

झापाको नयाँ प्रजिअको रुपमा तिमिल्सिनाले गत भदौ २१ गतेबाट जिम्मेवारी सम्हालेका छन् । उनले त्यसक्रममा झापामा शान्ति सुव्यवस्था कायम गर्न सबै पक्षको सहयोग र सहकार्य जरुरी रहेको औल्याए ।सहारा नेपाल तथा सहारा नेपाल साकोसका सचिव एवम् कार्यकारी प्रमुख रहेका गिरीको परिकल्पना र नेतृत्वमा विभिन्न अभियान सफलतापूर्वक सम्पन्न भएका छन् । यस वर्षको संविधान दिवसको दिन राष्ट्रपतिबाट गिरीलाई सामाजिक सेवारत्न पदक प्रदान गर्ने घोषणा भएको हो ।

त्यसक्रममा गिरीले समाज परिवर्तनका लागि सकारात्मक सोचसहित सामाजिक अभियानमा सहकार्य गर्ने र सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरे ।

कार्यक्रम बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा भएको थियो ।

# नागरिकताको प्रतिलिपि लिनेको भिड



–सन्दर्भ समाचारदाता

दमक । सरकारले प्रविधि प्रयोग गरेर स्पष्ट परिचय खुल्ने गरी नागरिकको अभिलेख राख्नका लागि शुरु गरेको राष्ट्रिय परिचय-पत्र बनाउन आवश्यक फोटो खिच्ने कार्य शुरु भएसंगै प्रशासन कार्यलयमा नागरिकताको प्रतिलिपि लिनेको भिडभाड लाग्ने गरेको छ । झापाको माइपश्चिम भुगोलका बासिन्दाको नयाँ नागरिकता जारी गर्ने र नागरिकताको प्रतिलिपि समेत उपलब्ध गराउने इलाका प्रशासन कार्याल दमकमा प्रतिलिपि नागरिकता लिन आउनेको भिड लाग्ने गरेको कार्यालयले जनाएको छ ।

दैनिक २०-२५ जना सेवाग्राही नागरिकताको प्रतिलिपि लिनकै लागि कार्यालय आउने गरेको इलाका प्रशासन कार्यालय दमकका निमित्त प्रमुख तिलोचन रिमालले जानकारी दिए । नागरिकतामा टाँस भएको फोटो मधुरो भएका र सामान्य स्वभाविक किसिमका त्रुटी भएका नागरिकलाई समेत परिचय पत्रका लागि फोटो खिचाउने प्रयोजनमा अस्विकार गरिदिँदा सर्वसाधारणहरुले आफनो नागरिकताको प्रतिलिपि निकाल्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको बताइएको छ । निरक्षर प्रौढहरुले यस अघि कष्टसाथ बनाएको नागरिकतामा भएका त्रुटीबारे जानकारी हुन नसक्दा अहिले समस्यामा परेका हुन ।

कोरोनाका कारण गरिएको लकडाउन खुले लगत्तै परिचय पत्रका लागि फोटो खिचाउने टोली दमकका वडा वडामा बसेर काम शुरु गरेसंगै धेरै सेवाग्राहीहरु यस अघि लिएको नागरिकताको प्रतिलिपि पाउँ भन्दै सिफारिस लिएर आउने गरेका छन । राष्ट्रिय पञ्जिकरण विभागले जारी गर्ने जैविक तथा वैयत्तिक विवरण र विद्युतीय चिप एवं सुरक्षणसहितको राष्ट्रिय परिचय नम्बर उल्लेख गरिएको बायोमेट्रिक स्मार्टकार्डलाई नै राष्ट्रिय परिचय पत्र भनिएको हो ।

सफ्टवेयरमा व्यक्तिको पूर्ण विवरण राखेर परिचय-पत्र वितरण गरिने भन्ने जानकारी पाएका कारण आफू पनि राष्ट्रिय परिचय पत्रका लागि वडा कार्यालयमा आएको मंगलबार दमक नगरपालिका वडा नं ६ को वडा कार्यालयमा फोटो खिचाउने तयारीमा रहेका दमकका युवा व्यवसायी भगवान बस्नेतले बताए ।

# बलात्कारका घटनामा कानुन संशोधनको माग

–सन्दर्भ समाचारदाता

भद्रपुर । बलात्कारका घटनामा संलग्न पुरुषलाई कानुन संशोधन गरेर भए पनि मृत्युदण्डको सजाँय दिइनुपर्ने कुरामा झापाका विभिन्न क्षेत्रमा क्रियाशिल महिलाहरुले जोड दिएका छन् । रिपोर्टर्स क्लबले बिर्तामोडमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा सहभागी महिलाहरुले बलात्कार जस्तो जघन्य अपराधमा संलग्नलाई केही वर्षको सजाँय वा आजीवन कारावास सजाँयले नपुग्ने धारणा राखेका थिए । संसदमा प्रतिनिधित्व गर्ने महिला सांसदहरूले बलात्कारीलाई मृत्युदण्ड दिइनुपर्छ भनेर आवाज उठाइरहेका बेला यसलाई कानुन बनाउनुपर्ने उनीहरुको एक आवाज थियो । महिला हिंसा र बलात्कारका घटनामा कमि आउनुको सट्टा बृद्धि हुँदै जानुमा कानुन नै फितलो भएको उनीहरुको निष्कर्ष थियो ।



कार्यक्रममा नेपाल महिला संघ झापाकी अध्यक्ष सुशीला ढकालले बलात्कारी राख्ने जेल पनि अलग्गै हुनुपर्ने बताउनु भयो । पैसा र शक्तिको आडमा अपराधीहरुले सजाय नपाउनु विडम्बना भएको उहाँको भनाइ थियो । त्यस्तै, कानुन व्यवसायी कोपिला खड्का बस्नेतले मृत्युदण्डको व्यवस्था गरिएका देशमा पनि बलात्कारका घटनामा कमि नआएकाले मानिसको आचरण र व्यवहारमै परिवर्तन गर्न जरुरी रहेको बताउनु भयो । उहाँले समास्याको जड पहिचान गरेर सजाय उल्लेख गर्नुपर्ने जिकिर गर्नुभयो । राप्रपा नेतृ रञ्जु प्याकुरेलले बलात्कारका घटना हुनुको कारणको गहिरो अध्ययन आवश्यक रहेको बताउनु भयो । राज्य यस विषयमा सम्वेदनशील हुनुपर्नेमा उहाँको जोड थियो । त्यस्तै, अन्तर पार्टी महिला सञ्जाल झापाकी पूर्वअध्यक्ष सरु न्यौपानेले भइरहेको कानुनको प्रभावकारी कार्यान्वयन भए मात्र पनि बलात्कारका घटनामा कमि आउने विचार राख्नुभयो । कार्यक्रममा बोल्दै नारी संचारगृह झापाकी अध्यक्ष अम्बिका भण्डारीले बलात्कारीलाई मृत्युदण्डको सजाँय उपयुक्त भएको बताउँदै तर कानुन ल्याउनुभन्दा पहिला अन्तर्राष्ट्रिय सन्धिमा परिमार्जन गर्नुपर्नेमा जोड दिनुभयो ।

मेची महाकाली बुहारी संयुक्त आवाजकी झापा संयोजक शिखा खड्काले बलात्कारीलाई फाँसीको सजायको व्यवस्था हुनुपर्ने बताउनु भयो। उहाँले त्यसका लागि सरकारले विद्यमान कानुन संशोधन गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो । कार्यक्रमको सहजीकरण क्लबका अध्यक्ष शेखर सेढाईंले गर्नुभएको थियो ।

# आधारभुत प्राथमिक स्वास्थ केन्द्रको उद्घाटन

–सन्दर्भ समाचारदाता

गौरीगंज । गौरीगंजका ग्रामीण क्षेत्रका नागरिकहरूलाई स्वास्थ्य सेवामा सहज पहुँचका लागि आधारभुत प्राथमिक स्वास्थ केन्द्रको उद्घघाटन गरिएको छ । नागरिकहरुलाई तथा कार्यक्रमका प्रमुख अतिथि दिपिन्द्र थापा र वार्ड अध्यक्ष मखना महतोले सयुंक्तरूपमा उद्धाटन गरेका छन् । गौरीगंज गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य सेवा लिन नागरिकहरूलाई वडा नं ३ का वडाध्यक्ष मखना महत्तोले जानकारी गराए । ठेकिटोलामा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गरि नागरिकलाई स्वास्थ्य सेवा दिन स्वास्थ्य केन्द्रको आफ्नो भवन नभएकाले ठेकिटोलामा घर भाडामा लिई सेवा दिइने अध्यक्ष महतोले बताए ।



गौरीगंज गाउँपालिका वडा नं ३ को ठेकिटोलामा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि स्थानीय दिपक गडतौला र उनको परिवारले ३ कठ्ठा जग्गा निशुल्क प्रदान गरेका छन । भवन निर्माणका लागि सरकारले ३८ लाख ८७ हजार रूपैयाँ बिनियोजित गरेको वडा अध्यक्ष महतोले जानकारी गराएका छन् । प्रशासकिय अधिकृत राजु दाहालले स्वास्थ्यमा सबै नागरिकको सहजै पहुँच होस् भन्ने उदेश्यले आधारभुत स्वास्थ्य केन्द्रको स्थापना गरेर शुरूवात गरेको बताए । स्वास्थ्य केन्द्रमा क्रमश जनशक्ति, उपक्रम र अन्य व्यवस्थापन गरिने उनले बताए ।

स्वास्थ्य जस्तो संवेदनसिल बिषयमा घर आँगनमा स्वास्थ्य सेवा उपलब्ध गराउन स्थानीय सरकार लागिपरेको छ । गाउँपालिका भित्रका दुरदराजमा रहेका नागरिकहरुलाई स्थानीय स्तरमा सहज रुपमा सेवा दिन प्रत्येक वडामा स्वास्थ्य सेवा दिन आधारभुत स्वास्थ्य केन्द्र स्थापना गरेर सरकारी सेवा उपलब्ध गराउने तयारी गरेको छ । त्यसअनुरूप गौरीगंज गाउँपालिका वार्ड नं. ३ को ठेकीटोलामा आधारभुत प्राथमिक स्वास्थ्य केन्द्रको उद्घाटन गरिएको हो ।

ठेकीटोलामा सञ्चालनमा ल्याईएको प्राथमिक स्वास्थ्य केन्द्रको गौरीगंज गाउँपालिकाका उपाध्यक्ष निकै लामो यात्रा गरेर आउनु पर्ने भएकाले घर आँगनमा नै स्वास्थ्य सेवा दिने उदेश्यले ठेकिटोलामा प्राथमिक स्वास्थ्य केन्द्रको सेवा उपलब्ध गराईएको उपाध्यक्ष दिपेन्द्र थापाले जानकारी गराए । नागरिकको स्वास्थ्य सेवामा स्थानीय सरकार उतरदायी रहेको बताउदै उपाध्यक्ष थापाले गाउँपालिका भित्रका सबै वडामा सरकारी स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य रहेको जानकारी गराए ।

गौरीगंज गाउँपालिकाको बजार क्षेत्र सहित बढी जनघनत्व रहेको वडा नं ३ मा वडा बासीहरुको चाहना अनुसार वडाको ठेकिटोलामा आधारभुत स्वास्थ्य केन्द्रको स्थापना गरिएको

वडा नं ३ का वडाध्यक्ष मखना महत्तोको सभापतित्वमा उद्धाटन कार्यक्रम सम्पन्न भएको थियो । त्यस अवसरमा गौरीगंज गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु दहाल, स्थानीय समाजसेवी केदार ढुङ्गेल, प्रहरी निरीक्षक गणेश भट्टराई, सशस्त्र प्रहरी निरीक्षक विकास न्यौपाने, गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख राम चन्द्र मिश्र लगायतले शुभकामना मन्तब्य राखेका थिए ।

# उद्यमशिल महिला संघ झापाको अध्यक्षमा पार्वता विमली

–सन्दर्भ समाचारदाता

विर्तामोड । नेपाल उद्यमशिल महिला संघ झापाको दोस्रो अधिवेशनले पार्वता विमलीलाई पुनः अध्यक्षमा चयन गरेको छ । अधिवेशनले दोस्रो कार्यकालका लागि विमलीलाई अध्यक्षमा चयन गरेको हो । समितिको बरिष्ठ उपाध्यक्षमा निरमाया पुलामी, प्रथम उपाध्यक्ष कुशुम राई, द्धितीय उपाध्यक्ष ऐश्वर्या पाण्डे, महासचिवमा यसोदा प्रसाई, सचिवमा देवीमाया पोखरेल र कोषाध्यक्षमा सुशिला पाठक सर्वसम्मत चयन हुनुभएको हो ।

गठित समितिका सदस्यहरुमा कमला शिवाकोटी, इन्दु सुवेदी अधिकारी, संगिता चिमरिया, पूजा सुवेदी बस्नेत, विमला न्यौपाने, सिसम शाह, दिपा पोखरेल, विना घिमिरे र निरा न्यौपाने चयन हुनुभएको छ । उर्मिला खरेलको संयोजकत्वमा इन्दु पूर्वेली र अम्बिका भण्डारी सदस्य रहेको निर्वाचन समितिले सर्वसम्मत रुपमा समिति गठन गर्दै निर्वाचन सम्पन्न गरेको हो ।



यसअघि सम्पन्न अधिवेशन उद्धाटन समारोहलाई सम्बोधन गर्दै विर्तामोड नगरपालिकाका उपमेयर पवित्रा महतारा प्रसाईले महिलाहरुले पुरुषको आम्दानीमा निर्भर रहने समय अहिले नरहेको उल्लेख गर्दै उद्यमशिलतामार्फत आर्थिक शसक्तिकरणमा महत्वपूर्ण भुमिका खेल्न महिला उद्यमीहरुलाई आग्रह गर्नुभयो ।

नेपाल उद्यमशिल महिला संघ झापाका अध्यक्ष पार्वता विमलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओम विमली, अलैची ब्यवसायी संघ झापाका महासचिव सुवास भटराई, नेपाल प्रेस युनियन झापा अध्यक्ष इन्दु पूर्वेली, नारी सञ्चार गृह झापाका अध्यक्ष अम्बिका भण्डारी, नेपाल चेम्बर अफ कमर्श महिला अध्यक्ष पेमा भटराई, लायन्स क्लवका चेयर पर्सन अध्यक्ष शैलेन्द्र कुरुम्बाङ, लायन्स क्लव अफ विर्तामोड लेडीका अध्यक्ष उर्मिला खरेल लगायतले शुभकामना मन्तब्य राख्दै महिलाहरु हरेक काम गर्न सक्षम रहे पनि अझै समाजले पूर्ण रुपमा विश्वास गरिनसकेको धारणा राख्नुभयो ।

महिलाहरुको आर्थिक सशक्तिकरणले महिला हिंसा कम हुने र महिलामा आत्मनिर्भरता तथा आत्मविश्वास बढ्ने बताउँदै बक्ताहरुले सम्पत्तिमाथि महिलाको स्वामित्व र सर्वाधिकार बढाउनुपर्नेमा जोड दिनुभयो । बसंघका महासचिव शावित्रा दाहालले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत तथा औचित्यमाथि प्रकाश भीमा शिवाकोटीले पार्नुभएको थियो ।

# गौरादहको हात्ती डुब्बा सिमसार क्षेत्र पर्यटकिय गन्तव्य स्थल

**–सन्दर्भ समाचारदाता**

गौरादह । गौरादह नगरपालिका वार्ड नं। ९ बैगुनधुरामा दहगाउँ भन्ने वस्ती छ । जहाँ छिटपुट अन्य जातजातिको बसोवास रहेपनि नेपालकै भुमिपुत्र भनेर चिनिने सन्थाल जातिको बाहुल्यता छ । करिब ४० र ५० घर सन्थाल जातिको बसोवास रहेको उत्त बस्ती नजिकै प्राकृतिक जलाशय छ जुन ७० वर्ष अघिदेखि एउटा खाडीको रूपमा हात्तीडुब्बा नामले प्रचलित छ । तीन विघा क्षेत्रफलमा फैलिएको उत्त जलाशयमा अथाह पानीका कारण धेरै वर्ष पहिले पानी पिउने क्रममा थुप्रै हात्तीहरू डुबेर मरेको बुढापाकाहरू बताउँछन् । हात्तीहरू डुबेर मरेका कारण उत्त खाडी -जलाशय) को नाम हात्तीडुब्बा रहेको उनीहरू बताउँछन् । तीन विघा क्षेत्रफलमा फैलिएको उत्त हात्तीडुब्बा प्राकृतिक जलाशय र त्यसको नजिकै रहेको सन्थाल वस्तीलाई समेटेर पर्यटकिय गन्तव्यको रूपमा विकास गरि नगरपालिकाको पहिचानको रूपमा रमणिय स्थान स्थापित गर्न पछिल्लो समयमा त्यहाँका स्थानियहरू लागिपरेका छन् ।



हाती डुब्बा सिमसार नजिक दक्षिणतर्फ रहेको सन्थाल जातिको भाषा, संस्कृति, रहनसहन, खानपान, नाचगानलाई सांस्कृतिक पहिचानको रूपमा संग्रहित गरि संथाल जातिको अध्ययन केन्द्रको रूपमा विकास गर्ने प्रवल सम्भावना छ । त्यसैगरी सिमसार क्षेत्रको पुर्वपट्टी १० विघा क्षेत्रमा केरा खेती छ । सरकारी अनुदान विना मोरङ्ग सुन्दरहरैचाका ३ जना कृषकले ५ वर्षका लागि लिजमा जग्गा लिएर १० विघा खेतमा केरा खेती लगाएका छन् । पर्यटकलाई थप आकर्षित गर्न केरा बारीले पनि सहयोग गर्ने छ ।

स्थानीय समाजसेवी तथा धार्मिक व्यक्तित्व चन्द्रबहादुर खड्काको अध्यक्षतामा हात्ती डुब्बा सिमसार तथा पर्यटकिय क्षेत्र विकास केन्द्र नामक संस्था गत वर्ष दर्ता गयी । पहिलो पटक गौरादह नगरपालिकाबाट निरीक्षण तथा अवलोकन गरि तयार गरेको डीपीआर बाट प्रदेश नं। १ बाट आर्थिक वर्ष २०७६।७७ को बजेटमा २० लाख रूपैयाँ छुट्याएको थियो । सो रकमबाट संस्थाले ३५र३५ मिटरको दुईवटा ड्याम निर्माण गर्ने, माटो सम्याएर खाडीको आकार कायम गराउने र होली वा खाडी भित्रको फोहोर , घाँस जङ्गल फाल्ने सबै कार्य गर्ने योजना भए पनि कोरोना महामारीका कारण ईस्टमेट अनुसार कार्य गर्न सकेन । उत्त जलाशयका लागि २० लाख रूपैयाँ बजेट छुट्याए पनि ८ लाख १९ हजार ५ सय १५ रूपैयाँ बराबरको कार्य गर्न सकेको संस्थाका अध्यक्ष चन्द्र बहादुर खड्काले जानकारी गराएका छन् । हाल उत्त जलाशयमा एउटा ड्याम निर्माण, माटो सम्याई खाडीको आकार कायम र खाडीको भाग एकिन गरी उत्तर तर्फको ड्यामको कार्य गर्न जग खनी सकिएको ढुङ्गा सोलिङ भईसकिएको अध्यक्ष खड्काले बताएका छन् ।

चालू आर्थिक वर्ष २०७७।७८ मा पनि उत्त हात्तीडुब्बा जलाशयलाई विकास गर्न प्रदेश नं। १ सरकारले २० लाख रूपैयाँ वजेट छुट्याएको छ ।

उत्त बजेटबाट संस्थाको दीर्घकालिन विभिन्न योजनाहरू अघि सारेको छ । हिजो संस्था पहिलो साधारणसभामा अध्यक्ष खड्काले उत्त योजनाहरूको फेहरिस्त सुनाए । सिमसार क्षेत्रलाई थप आकर्षित बनाई आन्तरिक तथा वाह्य पर्यटकहरूको गन्तव्य स्थल बनाउन संस्थाको दीघर्कालिन योजना अन्तर्गत स्थायी सम्पति व्यवस्थापन गरि होली भित्र पर्ने गिरीबन्धुहरूको जग्गा खरिद गर्ने, वनभोज केन्द्र ९पिकनिक स्पोर्ट ० निर्माण गर्ने, उत्तर



तर्फ एउटा प्रवेस द्वार दक्षिण तर्फ एउटा प्रवेश द्वार निर्माण गर्ने, उत्तर र दक्षिण दुवै तर्फ झोलुङ्गे पुल निर्माण गर्ने, धार्मिक पहिचान कायम राख्न पानीको मध्य भागमा पञ्तकन्या मन्दिर निर्माण गरि हात्तिडुब्बाको वास्तविक पहिचान दिलाउने, उत्तर तर्फको सुरूवात गरिएको बाँध वा ड्यामबो कार्यलाई पूरा गर्ने, खाडी भित्र रहेबा सम्पुर्ण जफडा वा मेटेका पुर्ण रूपमा फालेर सिमसारको वास्तविक आकार कायम गराउने, खाडीको वाहिरी भागतर्फ घेरावाराको कार्य गर्ने, सिमसारको पहिलो पहिचान दिन ३ वटासम्म वोटिङ गर्ने डुङ्गा खरिद गर्नेलगायतका रहेका छन् ।

भदौ २८ गते गौरादह नगरपालिका वार्ड नं। ९ का वडा अध्यक्ष सिताराम भट्टाराईको प्रमुख आतिथ्यतामा संस्थाको पहिलो साधारण सभा सम्पन्न भएको थियो ।

संस्थाको पहिलो साधारण सभामा संस्थाका अध्यक्ष चन्द्र बहादुर खड्काले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने संस्थाका सचिव नगेन्द्र बहादुर वस्नेतले आयव्यय प्रस्तुत गरेका थिए । प्राचीन पानीको दह 'होली' रहेको स्थानलाई सिमसारको रुपमा बिकास गर्दै पर्यटकीय केन्द्र बनाउने उदेश्यले केन्द्रको गठन गरिएको हो । सिमसार परिसरमा आइतवार आयोजित उपभोक्ता भेलाले यसअघिको तदर्थ समिति बिघटन गरी १५ सदस्यीय कार्यसमिति गठन गरेको हो ।

३ बर्ष कार्यकाल रहने समितिको उपाध्यक्षमा दिवसपती पोखेल, सचिवमा नगेन्द्र बस्नेत, कोषध्यक्षमा राधा दाहाल चयन भएका छन् । भेलाले सदस्यहरुमा हरि प्रसाद बराल, चन्द्रबहादुर बिष्ट, मेघराज थापा, गुरु मुर्मू, सुमित्रा सोरेन, रिता निरौला, किशोर परियार, रुद्र सिग्देल, चित्र बहादुर पौडेल, ख्याम प्रसाद गौतम र सृजन घिमिरेलाई जिम्मेवारी दिने निर्णय गरेको छ । साधारणसभामा वार्ड सदस्यहरू यम कुमारी प्रधान, सीता परियारलगायतको उपस्थिति थियो ।

# अतिक्रमण विरुद्ध चिनियाँ दूतावास अगाडि प्रदर्शन



काठमाडौं । हुम्लामा भएको चिनियाँ अतिक्रमण विरुद्ध चिनियाँ दूतावास अगाडि प्रदर्शन भएको छ । नेपाली कांग्रेसका युवा नेता कुन्दन काफ्लेको नेतृत्वमा सोमबार बिहान उक्त प्रदर्शन भएको हो । चिनियाँ दुतावास अघि निषेधित क्षेत्रमै यूवा विद्यार्थीहरुले प्रदर्शन गरेका हुन् । पछिल्लो समय हुम्लामा नेपाली भूमि अतिक्रमण गरेर चीनले बनाएका भवनहरु बनाएपछि युवाहरु आन्दोलित भएका हुन् ।

उक्त प्रदर्शनमा नेविसंघका पूर्व केन्द्रीय सदस्य नवराज त्रिपाठी, गोपी शिवाकोटी लगायत दर्जनौं युवाहरु सहभागी भएका थिए । उक्त प्रदर्शनका क्रममा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरु नवराज त्रिपाठी, प्रनिल तामाङ, सुवोध ओली, बिन्दा बोगटी, अर्वत खड्का, दिपेन्द्र खड्का हुन् । पक्राउ परेका त्रिपाठी लिम्पियाधुरालाई नेपाली नक्सामा समेट्न माग गर्दै देशव्यापी विद्यालय तथा सार्वजनिक स्थलहरुमा अभियान चलाउने अभियन्ता हुन् । काफ्लेले कुनै पनि देशले गरेको अतिक्रमण नेपालीहरुले सहन नसक्ने बताएका छन् । उनले स्थानीय जनता र जनप्रतिनिधिले सो भूमि केही वर्षअघिसम्म नेपालीले उपयोग गरे पनि हाल आएर चीनले हस्तक्षेप गरेको बताउँदा बताउँदै सरकारले फरक प्रतिक्रिया जनाएकाले सरकारको पनि विरोध गरिएको बताए । सरकारले हतारहतार अस्वभाविक रुपमा आफ्नो टिप्पणी जनाएकोप्रति गम्भीर षड्यन्त्र हुन सक्ने काफ्लेको भनाई छ । लिमीका वडाध्यक्ष पाल्जोर तामाङले डेढ किलोमिटर यता आएर चिनियाँले भवन बनाए पनि सरकारले वास्ता नगरेको बताए सरकारले हतार हतार सीमाको बिषयमा टिप्पणी गर्नु रहस्यमयी भएको नेपाली कांग्रेसले बताएको बताएको छ । हुम्लामा चीनको विस्तारवादी चरित्र देखिएको हुम्लाबाट प्रतिनिधित्व गर्ने कांग्रेस नेता तथा पूर्वमन्त्री जीवन बहादुर शाहीले आरोप लगाएका छन् ।

# राहुल र प्रियंकासहित दुई सय जना विरुद्ध मुद्दा दर्ता



भारतको प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय काँग्रेसका निवर्तमान अध्यक्ष राहुल गान्धी र महासचिव प्रियंका गान्धीसहित झण्डै दुई सय जना विरुद्ध मुद्दा लगाइएको छ । भारतीय दण्ड संहिता उलंघन गरेको आरोप लगाउँदै उनीहरुका विरुद्धमा मुद्दा दायर गरिएको सरकारी अधिकारीहरुले जानकारी दिएका छन् । गौतमबुद्ध नगर प्रहरीले गान्धीद्वय र अरु दुई सय जनाले दण्ड संहिताको धारा १८८, २६९ र २७० को उलंघन गरेको दावी गरेको छ । यसअघि संहिता उल्लंघन गरेकै आरोपमा उनीहरुलाई उत्तर प्रदेश प्रहरीले यमुना द्रुतमार्गबाट बिहीबार गिरफ्तार गरेको थियो ।

सामुहिक बलात्कारपछि हत्या गरिएकी बालिकाका परिवारजनलाई भेट्न उनको घर हथ्रासतर्फ गइरहेका बेला उहाँहरुलाई गिरफ्तार गरिएको हो । बलात्कार पीडितको मंगलबार उपचारकै क्रममा दिल्लीको सफदरजङ अस्पतालमा निधन भएको थियो । गत सेप्टेम्बर २९ तारिखका दिन सामूहिक बलात्कारपछि हत्या गरिएकी ती बालिकाको घर रहेको हथ्रासतर्फ गइरहेका बेला उनीहरुको सवारी साधनलाई प्रहरीले रोकेपछि उनीहरु हिँडेरै त्यसतर्फ लागेपछि प्रहरीले गिरफ्तार गरेको हो ।

प्रहरीले अवरोध गरेर गिरफ्तार गरेपछि उनले आक्रोशित हुँदै प्रश्न गरेका थिए, "के यो मुलुकमा मोदीजी मात्रै हिँड्न पाउने व्यवस्था छ ? उनले भारतमा सामान्य मान्छेहरु हिँड्न पनि नपाएको भन्दै आक्रोश व्यक्त गरेका थिए । नेता गान्धीले आफूलाई प्रहरीले जबरजस्ती समातेर लाठीचार्ज गरेको, भुइँमा लडाएको र धकेलेको आरोप पनि लगाएका छन् । उनले आफ्ना सवारी साधनहरु रोकिएकाले आफूहरु हिँडेको भन्दै प्रहरीलाई आफूलाई हिँड्न दिन आग्रह गरेका थिए । "म एक्लै हथ्रासतर्फ हिँडेर जान चाहन्छु, कृपया मलाई हिँड्न दिनुस्, मलाई नरोक्नुस्, मलाई तपाईहरुले किन गिरफ्तार गर्दै हुनुहुन्छ ?,उनले भनेका थिए ।

–सरल पत्रिका

# आइपिएलमा चेन्नई सुपरकिंग्सको तेस्रो पराजय

शुक्रबार राति भएको खेलमा सनराइजर्स हैदरावादले चेन्नईलाई ७ रनले पराजित गरेको छ । पहिलो खेलमा जित निकालेको चेन्नई त्यसपछिका तीन खेलमा पराजित भइसकेको छ । जसका कारण चेन्नई २ अंकसहित अंक तालिकाको पुछारमा छ । हैदरावाद भने चार खेलबाट चार अंक जोड्दै अंक तालिकाको चौथो स्थानमा छ ।

टस जितेर पहिले ब्याटिङ गरेको हैदरावादले २० ओभरमा ५ विकेटको क्षतिमा १६४ रन बनाएको थियो । जोनी वायस्टो पहिलो ओभरमा रनको खाता नै खोल्न नपाइ आउट भएका थिए ।

त्यसपछि कप्तान डेभिड वार्नरले २८ रन र मनिष पाण्डेले २९ रन बटुले । केन विलियमसन ९ रनमै रनआउटको सिकार भए । त्यसपछि प्रियम गार्ग र अभिषेक शर्माले हैदरवादको इनिङ उकासे । प्रियमले २६ बलमा नटआउट ५१ रनको योगदान दिए । अभिषेकले २४ बलमा ३१ रन जोडे ।

बलिङमा चेन्नईका दिपक चाहरले २ विकेट लिए ।

१६५ रनको लक्ष्य पछ्याएको चेन्नईले २० ओभरमा ५ विकेटको क्षतिमा १५७ रन मात्र जोड्न सक्यो । चेन्नईका लागि रविन्द्र जडेजाले ५० रन र कप्तान महेन्द्रसिंह धोनीले नटआउट ४७ रन जोडे पनि जितका लागि पर्याप्त हुन सकेन । धोनीले ३६ बलमा ४ चौका र १ छक्का हिर्काए । जडेजाले ३५ बलमा ५ चौका र २ छक्का प्रहार गरे ।

बलिङमा हैदरावादका टी नटराजनल २ विकेट लिए भने भुवनेश्वर कुमार र अब्दुल समादले १।१ विकेट लिए ।



बाह्रदशी गाउँपालिकाको कार्यालय
फुलबारी, झापा



झापा गाउँपालिकाको कार्यालय
कामाटोली, झापा

**एमनेष्टी...**

त्यसमा मधेसी, दलित, जनजातीहरुको अधिकार पर्याप्त मात्रामा परेन भनेर होइन । विरोधको मूल कारण थियो, यो संविधानमा समलिङ्गीहरुले समान लिंगीसँग विवाह गर्न पाउने धारा परेन भनेर । त्यसका लागि एमनेष्टीले भरमग्दुर प्रयास गरेको थियो । जुन कुरा उसका दस्तावेजहरुमा अहिले पनि पढ्न पाइन्छ ।

नेपालमा २०७२ मा संविधान जारी भएपछि भारतले नाकाबन्दी लगायो । तर एमनेष्टी लण्डनले आफ्नो वार्षिक प्रतिवेदनमा नाकाबन्दी भएको उल्लेख गरेन । नेपाली जनतामाथि थोपरिएको नाकाबन्दी जस्तो अमानवीय कृत्यको अन्त्य गर्न कुनै आह्वान गरेन । नेपालका सरकार हरुसँग एमनेष्टी लण्डन रिसाउनुको पछाडी केही सहायक कारणहरु पनि थिए । ति मध्ये एउटा कारण थियो - एमनेष्टीको दक्षिण एशिया कार्यालय नेपालमा खोल्ने योजनालाई तत्कालिन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको कांग्रेस एमाले सरकारले खारेज गर्नु । त्यसैले सुशील कोइराला प्रधानमन्त्री छउन्जेल घृणात्मक अभिव्यक्ति र विखण्डनका अभियन्ता सी के राउतको रिहाईको लागि दुई पटक र राउत छुटेपछि निजले बोल्न र संगठन गर्न पाउनुपर्छ, निजमाथी कुनै मुद्धा लगाउनु हुदैंन, लागेका सबै मुद्धा फिर्ता हुनुपर्छ र नेपालको राजनीतिक बहसमा ठाँउ पाउनुपर्छ भन्दै सन् २०१४ को डिसेम्बरमा एमनेष्टीले सार्वजनिक वक्तव्य नै जारी गर्‍यो । उक्त बक्तव्य एमनेष्टीको वेवसाइटमा उपलब्ध छ । नेपाल सम्बन्धि यो नीतिलाई एमनेष्टीले अहिले सम्म पनि सच्चाएको छैन र माफी पनि मागेको छैन ।

एमनेष्टी इन्टरनेशनलका वर्तमान महासचिव जो भारतीय नागरिक हुन् उनी सुशील कोइरालासँग व्यक्तिगत तवरमा रिसाउनुमा अकी कारण पनि छ । सन् २०१४ को शुरुमा सलिल सेट्ठी नेपाल आएका बेला प्रधानमन्त्री कोइरालासँग भेटघाटको समय तय गरिएको रहेछ तर अन्तिम समयमा प्रधानमन्त्री कार्यालयले उक्त भेट रद्ध गरिदियो । यता नेपालमा दक्षिण एशिया कार्यालय खोल्न नसकेपछि एमनेष्टीले भारतमा दाउ लगायो र दक्षिण एशिया कार्यालय खोल्न भनेर भारतीय रु. १८ करोड ६१ लाख भारत भित्र्याउन भारत सरकारसँग अनुमति माग्यो जुन तथ्य प्रख्यात भारतीय सञ्चारमाध्यमहरुले सार्वजनिक गरिसकेका छन् ।

त्यहीबेला नाकाबन्दी चलिरहेको हुँदा भारत सरकारलाई खुसी पार्न नाकाबन्दीको समर्थन गर्‍यो । नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि भारतमा एमनेष्टी कालो सुचीमा थियो । त्यसैले भारतले वास्ता गरेन । उल्टै भारतीय मूलकी एमनेष्टीको अनुसन्धानकर्ता एक अमेरिकी नागरिकलाई देश निकाला गरिदियो । यो घटनाबाट तिलमिलाएको एमनेष्टीले भारत शाखा मार्फत काश्मीरलाई लक्षित गरी सन् २०१६ को अगष्टमा भारत स्वतन्त्रता दिवसलाई केन्द्रविन्दु बनाएर बेंगलोरमा आयोजना गरेको एक कार्यक्रममा काश्मीर स्वतन्त्रताको नारा लागे पछि सारा भारत एमनेष्टी विरुद्ध खनिन पुग्यो । बेंगलोरमा ११ दिनसम्म भाजपा र उसका भातृ संगठनको नेतृत्वमा एमनेष्टी खेदौ भन्दै जुलुस प्रदर्शन भए । दक्षिण एशियामा कहीँ ठाँउ नपाएपछि अन्तत एमनेष्टी अहिले श्रींलकामा गुँड लगाउन पुगेको छ जहाँबाट द्धन्द्धकालमा एमनेष्टीलाई धपाइएको थियो ।

२०७२ वैशाख १२ गते नेपालमा ठूलो भुकम्प गएपछि उद्धारका लागि भनेर विभिन्न राष्ट्रहरुबाट प्रतिनिधिहरु आउने क्रम जारी थियो । भुकम्पले थिलथिलाएको नेपाल र नेपालीलाई प्रहार गर्दै राहत वितरणमा जनजाती र बालबालिका माथि विभेद भएको भन्दै एमनेष्टी लण्डनले प्रतिवेदन निकाल्यो र त्यसपछि दाता सम्मेलनलाई प्रभावित गर्न एमनेष्टीले अभियानको खाका कोर्‍यो । एमनेष्टीको उक्त प्रतिवेदन एमनेष्टीकै म्यान्डेट विरोधी हुँदा हुदैं ब्रिटिस सरकारलाई खुसी पार्न त्यो गरिएको बुझिएको छ किनभने तालिवानीहरुसँगको हिमचिम पछि स्वयं ब्रिटिस सरकारको नजरमा एमनेष्टी अभियुक्त बन्न पुगेको थियो ।

केपी ओली नेतृत्वको सरकार बनेपछि पनि एमनेष्टीले नेपालमा दक्षिण एशिया कार्यालय खोल्ने प्रयास छाडेन । यस क्रममा एमालेका तर्फबाट पश्चिममा राजदुत नियुक्त एक गैसस कार्यकर्ता मार्फत निकै पहल भयो । त्यो पनि सफल नभएपछि, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा र सदस्यहरुसँग प्रधानमन्त्रीको भेटघाटको हवाला दिँदै एमनेष्टी तत्कालिन प्रधानमन्त्री ओली विरुद्ध जाइलाग्यो । सन् २०१४ कै अन्त्यबाट एमनेष्टी नेपालमा विखण्डनको झण्डा बोक्नेहरुको मार्गचित्रमा सहभागि हुन थालेको हो । त्यस अघिका यसका दस्तावेजहरुमा कहि कतै त्यस्तो छनक देखिदैंन । पहिले त हामीलाई लाग्यो कि दक्षिण एशिया कार्यालय नेपालमा खोल्न नदिएर उब्जिएको आक्रोश हो यो तर कुरा बुझ्दै जाँदा एमनेष्टी घृणा र विखण्डनको मार्गमा धेरै अघि बढिसकेको रहेछ ।

अकी तथ्य म र म जस्तै एमनेष्टी नेपालका तत्कालिन सदस्यहरुले आफ्नै विवेकले नन्दप्रसाद दम्पतीले अघि सारेको न्यायको आवाजमा साथ दिएकै हौ । यहाँ सम्मकी एमनेष्टीका महासचिव सलिल सेट्ठी २०१४ मा नेपाल भ्रमणमा आउँदा नन्दप्रसाद दम्पतीलाई भेट्न वीर अस्पताल जानुपर्छ भनेर एमनेष्टी नेपालका तर्फबाट तत्कालिन पदाधिकारीहरु (जसले पछि सामुहिक राजीनामा गरे) ले अनुरोध गर्दा पनि सेट्ठी वीर अस्पताल जान मानेनन् । सत्याग्रही नन्दप्रसादको मृत्युमा एमनेष्टी लण्डनले एक शब्द नबोलेको र दुराग्रहीको पक्षमा भने अभियान नै सञ्चालन गरेपछि मैले एमनेष्टी न्यायको विरुद्ध र हिंसाको पक्षमा गयो भन्दै वक्तव्य जारी गरी एमनेष्टी परित्याग गरेको थिएँ । नन्दप्रसादको मृत्युको घटनामा "कामको चापले नबोलेको भनेर एमनेष्टी लण्डनले लेखेको पत्र अझै पनि सुरक्षित छ ।

अहिले आएर एमनेष्टीका तर्फबाट जस्तो भान पर्ने गरी एक जना पूर्व सभापतिबाट झुठको खेती गर्ने काम भएको छ । ती तिनै पात्र हुन जो एमनेष्टीको सभापति हुँदा निजले आर्थिक हिनामिना गरेका कारण अवोध लेखापालले आत्महत्या गरेका थिए । त्यसपछि तिनलाई एमनेष्टी नेपालले बहिष्कार गरेको थियो । १७ वर्ष पछि तिनै व्यक्ति अहिले एमनेष्टीकै प्रवक्ता भएर झुठको खेती गर्दै मानव अधिकारको गलत व्याख्या गर्न लागिपरेका छन् । जबकी बोल्नु पर्ने एमनेष्टी लण्डनले केही बोलिरहेको छैन । त्यसैले दण्डहीनताको विरोध पनि एमनेष्टीको देखाउने दाँत मात्र सावित भएको छ भने मानव अधिकारको ज्ञान पनि न्युन रहेछ । नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धि अन्तराष्ट्रिय प्रतिज्ञापत्रको धारा १९ मा आफ्ना अधिकार प्रयोग गर्दा अरुको अधिकार वा प्रतिष्ठाको सम्मान अनिवार्य मानिएको छ भने निश्चित कुरामा प्रतिबन्धको व्यवस्था छ, जस्तो की घृणा र विखण्डनका कुरा ।

एमनेष्टीले आफ्नो सचिवालयलका कर्मचारीलाई अवैध कार्यमा प्रयोग गर्ने गरेका उदाहरण पनि भेटीएका छन् । जस्तो कि सी के राउतको मुद्धा विशेष अदालतमा सुनुवाई हुँदा एमनेष्टी नेपालको वरिष्ठ कर्मचारी अदालत परिसरमा उपस्थित भएको दृश्य एउटा टेलिभिजनले कैद गरेको रहेछ । नेपाल शाखा चलाउन जति सहयोग एमनेष्टी लण्डनले दिन्छ त्यसको हाराहारीमा अनेक गतिविधि सञ्चालन गर्न एमनेष्टी लण्डनबाटै तलब खाने गरी केही विदेशी कर्मचारी केही वर्ष अगाडि नेपाल बसेका थिए । जानकारहरुका अनुसार उनीहरुको विशेष चासो उत्तरी छिमेकी मुलुकबाट आएका शरणार्थीहरुबारे हुने गर्दथ्यो । संक्षेपमा भन्नुपर्दा एमनेष्टी लण्डन अहिले नेपाल सन्दर्भमा तीनवटा धारमा काम गरिरहेको छ । पहिलो घृणात्मक अभिव्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको रुपमा व्याख्या गर्दै विखण्डनको कृत्यलाई मानव अधिकारको कित्तामा पार्नु र त्यसका अभियन्ता र अभियानहरुलाई विशेषत तराईमा संरक्षण र संवर्द्धन गर्नु । दोस्रो पहाडमा जनजातीहरुमाथि विभेद भएको देखाउनु र जातीय द्धन्द्धलाई चर्काउन प्रयास गर्नु र तेस्रो नेपालमा धर्मको नाममा विभेद छ भन्दै अझै बहुसंख्यक हिन्दुहरुले अल्पसंख्यक धार्मिक समुदायमाथि अत्याचार गरेका छन् भन्दै कोकोहोलो मच्चाउनु । एमनेष्टीका यी नीति र अभियानबारे बुझेर र नबुझेर जो लागेका छन् दुवै थरिले एमनेष्टीको पछिल्लो मिसनलाई बल पुर्‍याइरहेका छन् ।

(एमनेष्टी नेपालका पूर्व सभापति तथा पूर्व निर्देशक कृष्ण कँडेलले तीन वर्ष अघि गरेको यो विश्लेषण अहिले सान्दर्भिक भएकाले प्रकाशित गरिएको छ ।) ।–सरल पत्रिका